म.जि. प्र. का. द.नं. : १०६/०६८, | वर्ष १४ | अंक १६० | सोमबार, ७ माघ २०८१ | ने. सं. ११४५ पोहेलागा | 20 January 2025 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## २१२ केजी गाँजासहित बोलेरो प्रहरी नियन्त्रणमा

हेटौंडा, ६ माघ/मकवानपुरको राक्सिराङबाट २१२ केजी लागूऔषध गाँजा र गाँजा बोकेको पिकअप गाडी प्रहरीले नियन्त्रणमा लिएकोछ । मकवानपुरको राक्सिराङ गाउँपालिका-५ चैनपुरमा प्रहरीले यो परिमाणको गाँजा नियन्त्रणमा लिएको हो ।

कैलाश गाउँपालिकाबाट मनहरीतर्फ आउँदै गरेको बा १० च ७७५८ नम्वरको बोलेरो पिकअप गाडी प्रहरीलाई देख्नासाथ गाडी चालक तथा अर्का १ जना व्यक्ति सडकमा गाडी छोडी फरार भएको प्रहरीले जनाएको छ । प्रहरीले तत्कालै स्थानीयको रोहवरमा खानतलासी गर्दा गाडीमा लुकाईछिपाई ल्याइएको अवस्थामा गाँजा २१२ किलो फेला परेको हुँदा गाँजा र गाडी नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता प्रहरी नायवउपरीक्षक श्यामु अर्याललले जानकारी दिएका छन् ।

# अर्गानिक पौष्टिक आहारका लागि किवानिजको अभिमूखीकरण

साझाकुरा संवाददाता

हेटौंडा, ६ माघ/ विद्यालयमा अध्ययन गर्ने बालबालिकालाई पोषिलो खानेकुरा उपलब्ध गराउनका लागि अभिभावक र विद्यालय शिक्षकलाई अभिमूखीकरणको आवश्यक्ता रहेको बताइएको छ ।

१८ वर्षमुनिका बालबालिकाको क्षेत्रमा काम गर्दै आएको अन्तर्राष्ट्रिय संस्था किवानिज क्लव हेटौंडा शाखाले नुवाकोटको बेलकोटगढी नगरपालिका-१२ मदानपुरमा बालअधिकार तथा अर्गानिक पौष्टिकआहार सम्बन्धी २ दिने अभिमूखीकरण गरेको हो । बालबालिकाले घरमा खाने कुरा होस् वा विद्यालयमा खाने दिवाखाजा होस् पौष्टिकतत्व भएको र अर्गानिक हुनु जरुरी रहेको भन्दै अभिमूखीकरण सुरु गरिएको हो ।



बागमती प्रदेशका मुख्यमन्त्री बहादुरसिंह लामाको प्रमुख आतिथ्यता तथा किवानिज क्लव अफ हेटौंडा वर्ष २०२४/२५ का अध्यक्ष गंगाप्रसाद पौडेलको सभाध्यक्षतामा कार्यक्रम भएको हो । कार्यक्रममा बोल्दै मुख्यमन्त्री लामाले ग्रामीणक्षेत्रमा कार्यक्रम आयोजना गरेर बालबालिकाको क्षेत्रमा किवानिज क्लबले महत्वपूर्ण योगदान पुऱ्याएको भन्दै खुशी व्यक्त गरे । पछिल्लो समय बालबालिकाले पत्रुखाना रुचाउने र अभिभावकले पनि सजिलोका लागि आफ्ना नानीबाबुलाई पत्रुखाना किनेर खान दिने गलत अभ्यास भइरहेको मुख्यमन्त्री लामाले बताए ।

बालबालिकालाई जंकफुडले दीर्घकालीन असर गरिरहेको कुरा आम अभिभावकलाई जानकारी नभएको हुनसक्छ । ग्रामीणक्षेत्रमा पाइने पोषिलो खानेकुरालाई बेवास्ता गर्ने र प्याकेजिङ गरिएको तर, स्वास्थ्यलाई प्रतिकूल असर गर्ने खानेकुरालाई बालबालिकाले औधि मनपराउने गरेका छन् । क्लवका नेपाल डिस्ट्रिक्ट गभर्नर केपी ज्ञवालीले क्लबले कार्यक्रमको लागि नुवाकोट छनोट गर्नु र विषयबस्तु पनि बालबालिकाको लागि अर्गानिक पौष्टिक आहार छनोट गर्नु उदाहरणीय भएको बताए ।

बालबालिकाको स्वास्थ्यमा अभिभावक बढी सम्बेदनशील बन्न नसक्दा सानै उमेरमा बिभिन्न रोग लागिरहेकोले किवानिज क्लवले यस्तो कार्यक्रम संचालन गरेको अध्यक्ष पौडेलले बताए । विद्यालयमा उपलब्ध गराइने दिवाखाजालाई अभिभावकले दोहोरो फाइदा लिनसक्ने भन्दै अध्यक्ष पौडेलले भने- 'स्थानीय उत्पादनले बालबालिकाको स्वास्थ्यमा पनि राम्रो प्रभाव पार्ने र दिवाखाजाको पैसा गाउँमै बस्ने अवस्था हुनसक्छ ।' बजारबाट किनेर ल्याएको दिवाखाजा भन्दा गाउँघरमा पाइने अर्गानिक अन्न, गेडागुडी, फलफूल, कन्दमूल, तरकारीलाई विद्यालयमा दिवाखाजाको रुपमा प्रयोग गर्ने वातावरण बनाउनु आवश्यक रहेको अध्यक्ष पौडेलले बताए ।

नेपाल सुनचाँदी व्यवसायी संघ बागमती प्रदेश अध्यक्ष एवम् किवानिज क्लव अफ हेटौंडाका संस्थापक अध्यक्ष ज्योतिरत्न बज्राचार्यले यस क्लवले १८ वर्ष मुनिका बालबालिकाको शिक्षा, स्वास्थ्य, खेलकुद एवम् नेतृत्व व्यक्तित्व विकास तथा वातावरण संरक्षणको क्षेत्रमा काम गर्दै आएको जानकारी दिए । कार्यक्रममा इमिडिएट पास्ट गभर्नर तीर्थकुमार सिंह, डिस्ट्रिक सचिव शिवबहादुर काफ्ले, केसिएफएन चेयर गोपीमान श्रेष्ठ, इमिडिएट पास्ट सेक्रेटरी युवराज न्यौपाने, बेलकोट गढी नगर पालिका-१२ का वडाअध्यक्ष डिल्लिराज सिलवाल, स्थानीय विद्यालय भृकुटी मावि र चन्डादेवी माविका प्रअहरु उपस्थित थिए ।

पोषणयुक्त खानेकुराका बारेमा बालबालिकालाई थाहा नहुन पनि सक्छ तर, यसमा अभिभावक र विद्यालयमा शिक्षकले महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने हुन्छ । स्थानीय सरकारको रुपमा रहेको गाउँपालिका वा नगर पालिकामा दिवाखाजा कसरी उपलब्ध गराइएको छ ? भनेर बेलाबेलामा बहस गर्न सकियो भने पनि सुधार आउन सक्ने बताइएको छ । संघीय सरकारले दिवाखाजा बापत प्रतिविद्यार्थी विद्यालयमा उपस्थित भएको दिनमा १५ रुपैयाँका दरले पैसा उपलब्ध गराउने गरेको छ । त्यही १५ रुपैयाँको दिवाखाजा दिइने गरेको विद्यालयहरुले बताएका छन् ।

२ दिने अभिमूखीकरण कार्यक्रमको सहजिकरण प्रकाश अधिकारी र कोपिला डंगोलले गर्नेछन् । कार्यक्रममा ३५ जना विद्यार्थी तथा अभिभावक सहभागी छन् । बालबालिकालाई दिवाखजको रुपमा दिइने खाजा पूर्णरुपमा स्थानीय र अर्गानिक बनाउनका लागि कार्यक्रमले जोड दिएको बताइएको छ । स्थानीय उत्पादनको प्रयोग गर्दा दिवाखाजाको पैसा बाहिर जान नपाउने भएकोले अर्गानिक र स्थानीय खानेकुरालाई उच्च प्राथमिकतामा राख्न सुझाव दिइएको छ । बालबालिकालाई जंकफुडको अभ्यासबाट बचाउनका लागि अभियान नै थालनी गर्नुपर्ने बताइएको छ ।

# आठबुँदे घोषणापत्र जारी गर्दै सकियो चौतारीको प्रदेश बैठक




साझाकुरा संवाददाता

हेटौंडा, ६ माघ/ 'समृद्धिको लागि सञ्चारकर्म, प्रेस चौतारीको मूलमर्म' भन्ने नाराकासाथ श्रमजीवी पत्रकारको अग्रणी संगठन प्रेस चौतारी नेपाल बागमती प्रदेश कमिटीको तेस्रो पूर्णबैठक शनिबार मौलाकालिकामा सम्पन्न भएको छ । बैठकले आठ बुँदे मौलाकालिका घोषणापत्र जारी गरेको छ ।

पर्यटकीय एवम् धार्मिक क्षेत्र मौलाकालिकामा कार्यवाहक अध्यक्ष राधेश्याम खतिवडाको अध्यक्षता र प्रेस चौतारी नेपालका केन्द्रीय महासचिव हीरा लामाको प्रमुख आतिथ्यमा बैठक बसेको हो । जारी घोषणापत्रमा श्रमजीवि पत्रकारको न्यूनतम पारिश्रमिक, विदा, औषधिउपचार, बीमा, उत्पदान लगायत सामाजिकसुरक्षाको ग्यारेन्टीको माग गरिएको छ । घोषणापत्रमा भनिएको छ, 'विशेषगरी सरकारी, सामुदायिक र निजी सञ्चारगृहले आआफ्नो सञ्चार गृहमा कार्यरत श्रमजीवि पत्रकार तथा सञ्चारकर्मीको सामाजिक सुरक्षा कोषको ग्यारेन्टी गर्न यो बैठक माग गर्दछ ।'

स्वरोजगार मिडियाको संरक्षण र प्रवर्द्धनका लागि विशेष जोड दिँदै घोषणापत्रमा अगाडि भनिएको छ, 'स्वरोजगार मिडियाको संरक्षण प्रवर्द्धनका लागि समानुपातिक विज्ञापन नीति र स्थानीयस्तरका विज्ञापन तथा सूचना स्थानीय सञ्चार माध्यमलाई नै उपलब्ध गराउन माग गर्दछ । साथै अनलाइन सञ्चार माध्यलाई पनि वैज्ञानिक ढंगले बर्गीकरण गरी लोककल्याणकारी विज्ञापनसहितका सरकारी सूचना तथा विज्ञापन प्रकाशित गर्ने वातावरण तयार गर्न बैठकले जोडदार माग गर्दछ ।' स्थानीय पत्रिका हुलाक कार्यालयमा दर्ता र नवीकरण गरेपछि पनि टिकट टाँस्नुपर्ने प्रावधान हटाउन बैठकले माग गरेको छ ।

गत मंसिर २८ गते सम्पन्न नेपाल पत्रकार महासंघको २७औं महाधिवेशनमा बागमती प्रदेश समिति, बागमती प्रदेशका १० जिल्ला समिति र यस भूगोलबाट केन्द्रीय समितिमा गठबन्धनको तर्फबाट केन्द्रीय समिति, प्रदेश समिति र शाखाहरुमा अघि सारिएका उम्मेदवारलाई मतदान गर्ने सम्पूर्ण सदस्यलाई बैठकले आभार प्रकट गरेको छ । विजयी सबैलाई बधाई ज्ञापन गरिएको छ ।

प्रेस चौतारी नेपालको अगुवाई र पहलकदमीमा श्रमजीवी पत्रकारको हित र पेशागतरक्षाको पक्षमा निर्माण भएका कानून, नीति, नियम, निर्णय एवम् प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको पक्षमा निर्माण भएका कानूनको कार्यान्वयनका लागि दृढतापूर्वक उभिने दृढ संकल्प बैठकले गरेको छ । जारी घोषणापत्रमा अगाडि भनिएको छ, 'पत्रकारको पेशागत दक्षता वृद्धि र सुरक्षाका सवालमा थप संवेदनशील हुन सरोकार राख्ने सबै पक्षसँग जोडदार माग गर्दछौं ।'

वर्तमान केपी शर्मा ओली नेतृत्वको सरकारले 'समृद्ध नेपाल: सुखी नेपाली'को राष्ट्रिय संकल्प पूरागर्ने अभियानमा लागिरहेको ठहर गर्दै घोषणापत्रमा भनिएको छ 'सरकारले राष्ट्रिय स्वाधीनता, सार्वभौमिकता, भौगोलिक अखण्डता र समृद्धिको पक्षमा गरिरहेको कामको दृढतापूर्वक समर्थन गर्दछौं । साथै ती कामको बारेमा आमसञ्चार माध्यमबाट आमजनसमुदाय समक्ष पुऱ्याउन अधिकतम् योगदान गर्ने संकल्प गर्दछौं ।'

चौतारीका केन्द्रीय सदस्यहरु सरिता दाहाल (मकवानपुर), तिलक रिमाल (चितवन), प्रेम दाहाल (सिन्धुली)ले तयार गरेको घोषणापत्रमा उपचाररत पत्रकार भुपराज पाठक, फणि महतलगायतको स्वास्थ्यलाभको कामना समेत गरिएको छ । चितवन र यसका छिमेकी जिल्लाको पर्यटन विकासका निम्ति महत्वपूर्ण रहेको पर्यटकीय एवम् धार्मिकक्षेत्र मौलाकालिकाको थप विकासका लागि बैठक्ले मागसमेत गरेको छ ।

# थाहा-२ का कार्की परिवारले ईन्द्रायणीको बाहन राखे



साझाकुरा संवाददाता

हेटौंडा, ६ माघ/थाहा नगरपालिका-२ अंगारेका माधव कार्की, राजेन्द्र कार्की, किरण कार्की, रामहरि कार्की, सुधर कार्कीका परिवार र कुशल शर्मा सहितले ईन्द्रायणीमाई मन्दिरमा सिंहको मूर्ति राखेका छन् । थाहा नगरको सत्तिपीठको रुपमा रहेको इन्द्रायणीमाइको मन्दिरमा इन्द्रायणीको बाहन सिंहको १२० किलोको २ फिट अग्लो शिलाको मूर्ति प्रतिस्थापन गरिएको हो ।

सनिवार पूजाआजा सहित मूर्तिको प्राणप्रस्तिस्ठा गरिएको हो । इन्द्रायणीमाइको बाहनकारुपमा राखिएको सिंहको मूर्ति मन्दिरको दायाँतर्फ भाले र बायाँतर्फ पोथी सिंहका प्रतिस्थापन गरिएको हो । इन्द्रायणीदेवीको मूर्तिसँगै दायाँबायाँ २ वटा सिंहको शिलामूर्तिलाई मन्दिरका पूजारी सम्पूर्ण श्रेष्ठ, पंडित रामप्रसाद ढकाल र कार्की परिवारले संयुक्त रुपमा विधिपूर्वक पूजा गरेर प्राणप्रतिष्ठा गरेका हुन् ।

मूर्ति प्राणप्रतिष्ठा गरेका थाहा-२ अंगारेका युवा व्यवसायी माधव कार्कीले मन्दिरको माथिल्लो भागमा रहेको २० मिटरको ढुंगाको नागको आकृतिलाई पनि धातुको बनाउने प्रतिवद्धता व्यक्त गरेका छन् । उनले मन्दिर अगाडि हात्तीको मूर्ति र धातुको नाग हाल्ने बताए । कार्की परिवारको यो कार्यप्रति इन्द्रायणी भैरव गुठीले सराहनीय कार्य भन्दै सगुन र बाजासहित सम्मान गरेको थियो ।

कार्यक्रममा इन्द्रायणी कालाभैरव गुठीका अध्यक्ष श्यामभक्त श्रेष्ठ, निरोज प्रधान, शम्भुसिं नापित, मधुकर बिक्रम श्रेष्ठलगायत थाहा-२ अंगारेका कार्की परिवारको उपस्तिथि रहेको थियो ।

# निर्माण सामग्रीको मूल्यबृद्धिबिरुद्ध ज्ञापनपत्र



साझाकुरा संवाददाता

हेटौंडा, ६ माघ/सिमेन्ट, रडलगायतका निर्माण सामग्रीमा भएको मूल्यवृद्धिको विरोधमा मकवानपुरका निर्माण व्यवसायीले प्रमुख जिल्ला अधिकारीमार्फत् प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाएका छन् ।

निर्माण व्यवसायी संघ मकवानपुरका अध्यक्ष बालगोपाल कँडेल नेतृत्वको टोलीले आइतबार प्रमुख जिल्ला अधिकारी तीर्थराज चिलुवालमार्फत् प्रधानमन्त्री केपी शर्माओलीलाई १४ बुँद्धे मागसहितको ज्ञापनपत्र बुझाएका हुन् । ज्ञापनपत्रमा सिमेन्ट, रडलगायत निर्माण सामग्रीमा भएको मूल्यवृद्धि एवम् कालोबजारी रोक्दै निर्माण व्यवसायीका लागि शून्य भन्सारदरमा निर्माण सामग्री आयातको व्यवस्था हुनुपर्ने, सार्वजनिक खरिद ऐन तथा नियमावलीको तत्काल पूनर्लेखन गर्नुपर्ने, विभिन्न कारणले बाँकी रहेको अर्बौं रकम सरकारले तत्काल भुक्तानी दिनुपर्ने, लो बिडिङ निरुत्साहित गर्नुपर्ने लगायत १४ बुँद्धे माग गरिएको छ ।

माघ १५ गतेभित्र माग पूरा नभएका चरणबद्ध आन्दोलनमा जाने निर्माण व्यवसायीले चेतावनी दिएका छन् । आइतबार नै निर्माण व्यवसायी महासंघ बागमती प्रदेशले पनि मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय बागमतीमार्फत् प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाएको छ । एक महिनाको अवधिमा सिमेन्टमा प्रतिबोरा दुई सय रुपैयाँ र रडमा प्रतिकिलो १५ रुपैयाँका दरले मूल्यवृद्धि गरिएपछि निर्माण व्यवसायी आन्दोलित बनेका हुन् ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लास्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
☞ इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५१०३३३

साझाकुरा

## हाम्रो कुरा

# प्रदेश सरकारको खर्च निराशाजनक

बागमती प्रदेश सरकारले चालु आर्थिक वर्षको ६ महिनामा १६ प्रतिशतमात्रै बजेट खर्च गरेको छ । पुससम्ममा कुल बजेटको करिब १६ दशमलव २७ प्रतिशत मात्र खर्च भएको आर्थिक मामिला तथा योजना मन्त्रालयले जानकारी दिएको छ । चालु आवका लागि प्रदेश सरकारले ६४ अर्ब ५४ करोड चार लाख ३१ हजार रुपैयाँको बजेट ल्याएकोमा पुससम्म १० अर्ब ५० करोड २९ लाख नौ हजार रुपैयाँमात्र खर्च भएको तथ्यांक सार्वजनिक भएको छ । चालुको तुलनामा पुँजीगत खर्च कम भएको छ । विनियोजित बजेटमध्ये सबैभन्दा बढी प्रदेश मुख्य न्यायाधिवक्ताको कार्यालयले ४१ दशमलव ५६ प्रतिशत, प्रदेशसभा सचिवालयले २८ दशमलव ३६ प्रतिशत बजेट खर्च गरेको छ भने सबैभन्दा कम पर्यटन, उद्योग तथा सहकारी मन्त्रालयले ४ दशमलव ६ प्रतिशत बजेट खर्च गरेको छ । चालु आर्थिक वर्षको ६ महिना सकिंदा बागमती सरकारको पुँजीगत खर्चको अवस्था ज्यादै कमजोर देखिएको हो । २०८१/८२ का लागि बिनियोजित ३७ अर्ब ९ करोड रुपैयाँ पुँजीगत बजेमा पुस मसान्तसम्ममा ३ अर्ब ८२ करोड ८१ लाख रुपैयाँ मात्र खर्च भएको आर्थिक मामिला तथा योजना मन्त्रालयले जनाएको छ ।

पुँजीगत खर्चतर्फको प्रगति साढे १० प्रतिशतमै सीमित हुँदा चालुतर्फ २५ दशमलव ७२ प्रतिशत खर्च भएको छ । चालुतर्फ २५ अर्ब ९४ करोड ९१ लाख विनियोजन भएकोमा ६ महिनामा ६ अर्ब ६७ करोड ४७ लाख रुपैयाँ खर्च भएको मन्त्रालयले जानकारी दियो । वित्तीय व्यवस्थातर्फ विनियोजन गरिएको एक अर्ब ५० करोड रुपैयाँ पनि खर्च हुन सकेको छैन । कुल बजेटको करिब एकतिहाई हिस्सा ओगटेको भौतिक पूर्वाधार विकास मन्त्रालयकै पुँजीगत प्रगति १२ दशमलव १५ प्रतिशतमा सीमित छ । मन्त्रालयको समग्र प्रगति १२.५२ प्रतिशत छ । प्रदेश सरकारले भौतिक पूर्वाधार विकास मन्त्रालयमार्फत् कार्यान्वयन गर्न २२ अर्ब ७९ करोड ७७ लाख रुपैयाँ छुट्याएकोमा पुस मसान्तसम्ममा २ अर्ब ८५ कराड ४२ लाख रुपैयाँ मात्र खर्च गर्न सकेको छ । भौतिक मन्त्रालयमा चालुतर्फ ४३ करोड ९६ लाख रुपैयाँ चालु खर्च छुट्याइएको थियो । ६ अर्ब ९६ करोड ८६ लाख रुपैयाँको बजेट कार्यान्वयन गरिरहेको खानेपानी उर्जा तथा सिञ्चाई मन्त्रालयको अर्धवार्षिक प्रगति ११.३० प्रतिशत रहेको छ । चालु खर्चतर्फ ३७ प्रतिशत खर्च गरि सकेको मन्त्रालयले पुँजीगततर्फ भने ९.६९ प्रतिशत मात्र प्रगति गरेको छ । ४ अर्ब ८ करोड ५ लाख रुपैयाँ बजेट रहेको स्वास्थ्य मन्त्रालयको अर्धवार्षिक कुल खर्च २४ दशमलव ३२ प्रतिशत रहेको छ । जसमा चालुखर्च २७ प्रतिशत हुँदा पुँजीगतखर्च भने ८.५६ प्रतिशतमै सीमित छ । यस्तै ३ अर्ब ९१ करोड ७७ लाख रुपैयाँको बजेट कार्यान्वयन गरिरहेको सामाजिक विकास मन्त्रालयको कुल प्रगति १९.५१ प्रतिशत हुँदा पुँजीगतखर्च भने ५.२५ प्रतिशतमै सीमित छ । मन्त्रालयको चालुतर्फको खर्च भने २१.७९ प्रतिशत रहेको छ । ३ अर्ब २१ करोड ३२ लाख रुपैयाँको बजेट कार्यान्वयन गरिरहेको वन तथा वातावरण मन्त्रालयको ६ महिनाको समग्र प्रगति १६ दशमलव ०६ प्रतिशत रहेको छ । जसमा पुँजीगततर्फ ७ दशमलव ९५ प्रतिशत खर्च भएको छ भने चालुतर्फ खर्च २९.८३ प्रतिशत रहेको छ ।

कृषि तथा पशुपंक्षी विकास मन्त्रालयअन्तर्गत कार्यान्वयन भइरहेको २ अर्ब ६२ करोड ३८ लाख रुपैयाँमध्ये ६ महिनाको अवधिमा १३ प्रतिशत खर्च भएको छ । मन्त्रालयको पुँजीगत खर्च १५.५२ प्रतिशत हुँदा चालुतर्फको खर्च भने १२.६२ प्रतिशत रहेको छ । आर्थिक मामिला तथा योजना मन्त्रालयको पुस मसान्तसम्मको खर्च १९.७३ प्रतिशत, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको १६.९२ प्रतिशत, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको खर्च १५.५९ प्रतिशत रहेको छ । आन्तरिक मामिला तथा कानुन मन्त्रालयले ६ महिनामा २३.८८ प्रतिशत, युवा तथा खेलकुद मन्त्रालयको १६.४७ प्रतिशत, श्रम रोजगार तथा यातायात मन्त्रालयको १८ प्रतिशत बजेट खर्च भएको छ । स्थानीय तहतर्फको समानीकरण अनुदानबापत ८ अर्ब ३० करोड १९ लाख रुपैयाँ विनियोजन गरिएकोमा ६ महिनाको अवधिमा ३ अर्ब ३३ करोड ६४ लाख रुपैयाँ खर्च भएको छ । प्रदेश सरकारले ६ महिनाको अवधिमा वार्षिक आम्दानीको कुल लक्ष्यको २७.७२ प्रतिशत प्रगति हासिल गरिसकेको छ । ६ महिनाको अवधिमा १७ अर्ब ८८ करोड ९८ लाख रुपैयाँ आम्दानी भएको आर्थिक मामिला तथा योजना मन्त्रालयले जनाएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ माघ ८ गते मंगलबार २१ जनवरी २०२५ । सप्तमी, माघ कृष्णपक्ष । पोहेलागा ११४५ ने.सं. । सूर्योदय ६:५७, सूर्यास्त ५:३४ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : व्यवसायबाट लाभ पाइने | तुला | : कुरा काट्नेहरु सक्रिय हुने |
| वृष | : जिम्मेवारी पूरा गर्न सकिने | वृश्चिक | : नयाँ काम हात पर्ने |
| मिथुन | : गलत विचार बढ्ने | धनु | : कार्यान्तरण हुन सक्ने |
| कर्कट | : काममा अबरोध आउने | मकर | : शुभ समाचार सुन्न पाइने |
| सिंह | : अधुरा काम पूरा हुने | कुम्भ | : अनावश्यक खर्च बढ्ने |
| कन्या | : घरेलु समस्याले सताउने | मीन | : भोजको अवसर मिल्ने |

# निकास बन्न सक्छ कार्यकारी राष्ट्रपति प्रणाली



✍ डा. मोम विश्वकर्मा

नेपालमा अहिले संविधान संशोधनको चर्चा चलिरहेको छ । नयाँ संविधान लागू भएपछि देशमा अग्रगामी विकासले गति लिने आकांक्षा गरिए पनि दशकौंदेखि राजनीतिक अस्थिरता र व्यापक भ्रष्टाचारबाट देश ग्रसित बनेको छ । राजनीतिक प्रणालीलाई सुधार गर्ने धेरै प्रयास भए । तर पनि देशले लोकतान्त्रिक सिद्धान्तहरूलाई दिगो विकास र सामाजिक समानतामा रूपान्तरण गर्न सकेको छैन । देशमा व्याप्त गरिबी, भ्रष्टाचार, बेरोजगारी, अशिक्षा र असमानताको समाधान गर्न वर्तमान राजनीतिक प्रणाली अक्षम भएको आभास हुन थालेको छ । वर्तमान संसदीय प्रधानमन्त्री तथा चुनाव प्रणाली लोकतान्त्रिक व्यवस्थाको उत्तम उपाय भनिए पनि संसदीय संख्यात्मक जोडघटाउ, महँगो चुनाव प्रणाली, राजनीतिक सदस्यहरूको मन्त्री बन्ने र सरकार बनाउने चलखेलका कारण भ्रष्टाचारलाई प्रश्रय दिइरहेको छ । यस्तो अभ्यास देश विकासभन्दा जनतामा निराशा र पलायनको प्रेरक बनिरहेको छ ।

यस्तो गम्भीर अवस्थालाई चिर्न नेपालको राजनीतिक संरचना र शासन मोडललाई पुन: विचार गर्ने कि भन्ने नेपाली जनतामा आभास हुनु स्वाभाविकै हो । कार्यकारी राष्ट्रपतीय प्रणालीको अवलम्बन गर्ने साहसी र परिवर्तनकारी दृष्टिकोणले स्थिर र समृद्ध भविष्यको बाटो खोल्न सक्छ । यस लेखमा नेपालमा कार्यकारी राष्ट्रपति प्रणालीको परिकल्पना प्रस्तुत गरिएको छ । साथै यसमा प्रत्यक्ष निर्वाचित राष्ट्रपतिका सम्भाव्यता, विशेषज्ञ क्याबिनेट मन्त्रीहरूलाई नियुक्तका फाइदा, राजनीतिक दलका सदस्यहरूको भूमिकालाई पुन: परिभाषित गर्ने र चुनाव खर्चमा कडा प्रतिबन्ध लगाउने बारेमा तर्क पेश गरिएको छ । यसले भ्रष्टाचारलाई निरुत्साहित गरी विकासलाई प्रोत्साहित गर्नेछ ।

### कार्यकारी राष्ट्रपति प्रणालीको पक्षमा तर्क

नेपालको वर्तमान संसदीय प्रणाली बारम्बार सरकार परिवर्तन, राजनीतिक गुटबन्दी र नीतिगत असंगतिले ग्रस्त भएको छ । २०१५ मा संविधान जारी भएयता, जसले नेपाललाई संघीय लोकतान्त्रिक राज्यको रूपमा परिभाषित गरेको छ, देशले बारम्बार गठबन्धनको विघटन र दीर्घकालीन रणनीतिक दृष्टिकोणको अभावको सामना गरेको छ । यी चुनौतीले शिक्षा, स्वास्थ्य सेवा, पूर्वाधार र आर्थिक विकास जस्ता महत्वपूर्ण क्षेत्रहरूको प्रगतिमा बाधा पुऱ्याएका छन् ।

कार्यकारी राष्ट्रपति प्रणाली, जहाँ राष्ट्रपति नै राज्य र सरकारको प्रमुखका रूपमा कार्य गर्ने गर्दछ जसले वर्तमानको बेथितियुक्त प्रणालीको विरुद्ध व्यावहारिक विकल्प प्रस्तुत गर्दछ । लोकप्रिय मतदानबाट राष्ट्रपति प्रत्यक्ष निर्वाचित गराउँदा प्रणालीले उत्तरदायित्व र वैधता सुनिश्चित गर्दछ । साथै, कार्यकारी अधिकार एक व्यक्तिमा केन्द्रित हुँदा गठबन्धन राजनीतिका कारण उत्पन्न ढिलाइ र अप्रभावकारितालाई घटाउन सकिन्छ ।

हालसम्म विश्वमा ३५ भन्दा बढी देशहरूमा प्रत्यक्ष निर्वाचित राष्ट्रपतीय प्रणाली लागू भएको छ जसमा विश्वकै शक्तिशाली राष्ट्र संयुक्त राज्य अमेरिकादेखि दक्षिण पूर्वी एशियाली राष्ट्र इन्डोनेशिया तथा फिलिपिन्स समेत रहेका छन् भने धेरै राष्ट्रमा अर्धराष्ट्रपतीय प्रणाली अपनाइएको छ । फ्रान्स तथा दक्षिण कोरियाली मुलुक समेत प्रत्यक्ष निर्वाचित अर्धराष्ट्रपतीय प्रणालीमा आधारित भएका छन् । राष्ट्रपतीय प्रणाली भएका देशहरूले उल्लिखित रूपमा विकास र समृद्धि हासिल गर्न पुगेका छन् । राष्ट्रपतीय प्रणालीका फाइदा र बेफाइदा दुवै छन्, त्यसमध्ये केही यहाँ उल्लेख गरिएको छ :

### १. कार्यकालको स्थायित्व

राष्ट्रपतीय प्रणाली अन्तर्गत राष्ट्रपतिले उपभोग गर्ने स्थिर कार्यकालले सरकारको स्थिरता र सरकारका नीति तथा कार्यक्रमहरूको निरन्तरता र कार्यान्वयनको लागि अनुकूल वातावरण बनाउँछ । स्थिर सरकारले मध्यम र दीर्घकालीन योजना बनाउन अनुमति दिन्छ, जुन संसदीय प्रणालीमा देखिने अस्थिरताले गर्न सक्दैन । संसदीय प्रणालीमा कुनै पनि समय विश्वासको मत विफल भएमा नयाँ सरकार गठन वा नयाँ निर्वाचन हुन सक्छ ।

### २. एउटै राष्ट्रिय निर्वाचन क्षेत्र

राष्ट्रपतिलाई प्रत्यक्ष रूपमा जनताले निर्वाचित गर्ने हुनाले पूरा देश एउटै निर्वाचन क्षेत्र हुन्छ । यसैले, केवल पार्टीमा सल्लाह दिने र लिने कुरा बाहेक पार्टीको राष्ट्रपतिमाथि कुनै विशेष नियन्त्रण हुँदैन । राष्ट्रपतिले आफ्नो क्रियाकलापका लागि एक्लै जिम्मेवारी लिन्छन्, जसले राष्ट्रपतिलाई निरन्तर जिम्मेवार बनाउँछ । राष्ट्रपतिले आफ्नो असफलताको दोष अरू कसैलाई लगाउन सक्दैन ।

### ३. पार्टी राजनीतिबाट अलग

राष्ट्रपतिलाई प्राय: पार्टी राजनीतिबाट माथि उठेको मानिन्छ । यसले राष्ट्रपतिलाई संसदीय प्रणालीमा प्रधानमन्त्रीको जस्तो पार्टी राजनीतिमा फस्न दिंदैन । प्रत्येक विषयलाई यसको गुणस्तर र आवश्यकताको आधारमा हेर्ने र निर्णय गर्ने स्वतन्त्रता दिन्छ । यो प्राय: अमेरिकामा देखिन्छ, जहाँ दुई दलहरू परम्परागत विभाजनमाथि उठेर राष्ट्रिय विषयहरूमा सहकार्य गर्छन् ।

### ४. शक्तिपृथकीकरण र नियन्त्रणको फाइदा

शक्तिपृथकीकरणको संयन्त्रले प्रत्येक सरकारी निकायको कार्यसम्पादनलाई प्रभावकारी बनाउँछ भने नियन्त्रण र सन्तुलनले स्वभावैले अधिनायकवादी हुने राष्ट्रपतिलाई संवैधानिक सीमाभित्र राख्छ । यी दुवै प्रविधिको संयोजनले सरकारको कार्यलाई सुधार गर्छ र सेवा वितरणको क्षमता बढाउँछ ।

### ५. निर्णय गर्ने प्रक्रियामा शीघ्रता र दृढता

राष्ट्रपतीय शासन प्रणालीले निर्णय प्रक्रियालाई शीघ्र बनाउँछ, किनभने राष्ट्रपति नै आफ्नो निर्णयमा जिम्मेवार हुन्छ । अमेरिका र नाइजेरियामा, संविधानले राष्ट्रपतिलाई कुनै पनि विषयमा कार्य गर्नुअघि कार्यकारी परिषद्को बैठक बोलाउनुपर्ने अनिवार्यता नै राखेको छैन । राष्ट्रपतिले आफ्ना मन्त्रीहरू वा तिनीहरूमध्ये कसैसँग परामर्श गर्न वा उनीहरूको राय विना निर्णय लिन स्वतन्त्र हुन्छन् । मन्त्रीहरू वा अरू कुनै अधिकारीहरू राष्ट्रपतिका केवल सल्लाहकार हुन्छन् र मन्त्रीहरूको सल्लाह अनुसार जानु राष्ट्रपतिका लागि अनिवार्य हुँदैन ।

### ६. नियुक्तिमा राष्ट्रपतिको विवेकाधिकार

राष्ट्रपतीय शासन प्रणालीको एउटा प्रमुख फाइदा भनेको राष्ट्रपतिले आफ्ना मन्त्रीहरू र अन्य सरकारी पदाधिकारीहरूलाई स्वतन्त्र रूपमा नियुक्त गर्न सक्ने हो । मन्त्रीहरूलाई राष्ट्रपतिको पार्टी बाहिरबाट पनि चयन गर्न सकिन्छ, जसले उनलाई देशको जुनसुकै भागबाट उत्कृष्ट व्यक्तिहरू चयन गर्न ठूलो स्वतन्त्रता दिन्छ । उनले आफ्ना नियुक्तिहरूलाई सजिलै प्रतिस्थापन वा बर्खास्त गर्न सक्छन्, किनभने तिनीहरू सीधा राष्ट्रपतिप्रति जवाफदेही हुन्छन् ।

कार्यकारी राष्ट्रपति प्रणाली आलोचनामुक्त भने पक्कै छैन । खासगरी अत्यधिक शक्ति एक व्यक्तिमा केन्द्रित गर्ने खतरा हुन्छ जसले अधिनायकवादको बाटो खोल्न सक्छ । तर, यो खतरा स्वतन्त्र न्यायपालिका, सशक्त नागरिक समाज र स्वतन्त्र सञ्चारमाध्यम जस्ता कडा जाँच र सन्तुलन प्रणाली मार्फत न्यूनीकरण गर्न सकिन्छ । समग्रमा यो प्रणालीमा केही आलोचना भए पनि यो प्रणाली अपनाएका मुलुकले विकास र समृद्धि हासिल गरेका उदाहरण प्रशस्तै छन् ।

### विशेषज्ञद्वारा नेतृत्व गरिएको क्याबिनेट: दक्षतामा आधारित शासन

नेपालको वर्तमान प्रणालीको सबैभन्दा ठूलो कमजोरी भनेको राजनीतिक निष्ठाका आधारमा क्याबिनेट मन्त्रीहरूको नियुक्ति हो, जसका कारण विशेषज्ञताको अभाव देखिन्छ । यस अभ्यासले प्राय: महत्वपूर्ण मन्त्रालयहरूलाई आवश्यक ज्ञान र अनुभव नभएका व्यक्तिहरूले नेतृत्व गरेको देखिन्छ, जसले प्रभावकारी शासनलाई कमजोर बनाउँछ ।

दीर्घकालीन, दिगो विकासका योजना र दृष्टिको आधारमा भन्दा पार्टीगत एजेण्डा र व्यक्तिगत स्वार्थका योजनालाई प्राथमिकतामा हालेर योजना बनाउने र अल्पकालीन बजेट विनियोजन र कार्यान्वयन गरेको देखिन्छ । यो देश निर्माणका लागि गतिलो संकेत हुँदै होइन । कार्यकारी राष्ट्रपति प्रणाली अन्तर्गत, राष्ट्रपतिलाई कुनै पनि राजनीतिक सम्पर्क नभएका विशेषज्ञहरूको समूहबाट क्याबिनेट मन्त्रीहरू नियुक्त गर्ने अधिकार हुनेछ । अर्थशास्त्र, सार्वजनिक स्वास्थ्य, शिक्षा र प्रविधि जस्ता विविध क्षेत्रका यी विशेषज्ञहरूले नीति निर्माण प्रक्रियामा ज्ञान र व्यावसायिकता ल्याउनेछन् ।

नातावादलाई प्राथमिकतामा नराखी योग्यताका आधारमा नियुक्ति दिने प्रक्रियाले वर्तमान चुनौतीको समाधान गर्न सूचित र नवप्रवर्तनशील समाधानहरू प्रदान गर्न सक्छ । उदाहरणका लागि, कुनै अनुभवी अर्थशास्त्रीलाई अर्थमन्त्रीको रूपमा नियुक्त गर्दा वा सार्वजनिक स्वास्थ्य विशेषज्ञलाई स्वास्थ्य मन्त्रालयको नेतृत्व दिनाले नीति, प्रमाण र तथ्यमा आधारित र उत्कृष्ट अभ्यासहरूको आधारमा तय हुनेछ। यसले सरकारप्रतिको जनविश्वासलाई पनि बलियो बनाउनेछ ।

### राजनीतिक दलको सदस्यता: स्वयंसेवाको आह्वान

अर्को महत्वपूर्ण सुधार भनेको राजनीतिक दलका सदस्यहरूको भूमिकालाई पुन: परिभाषित गर्ने हो । नेपालमा, राजनीतिक दलहरू व्यक्तिगत लाभ खोज्ने व्यक्तिहरूका लागि करियर मार्ग बनेका छन्, जसले सार्वजनिक सेवाको सट्टा संरक्षण र भ्रष्टाचारको संस्कृतिलाई बढावा दिएको छ । पूर्णकालीन राजनीतिक कार्यकर्ताका कारण राजनीति पेशा बनेको छ ।

यसबाट राजनीतिक कार्यकर्ताले आफनो व्यक्तिगत स्वार्थसिद्ध गर्न तल्लीन भएको देखिन्छ । विकसित देशहरू जस्तै अमेरिका, अष्ट्रेलिया लगायत युरोपियन देशहरूमा कुनै पनि राजनीतिक कार्यकर्ताहरू पूर्णकालीन हुँदैनन् । उनीहरूका नागरिकहरू साझा मूल्य र नीतिगत प्राथमिकताका आधारमा राजनीतिक संगठनहरूसँग संलग्न भएका हुन्छन् ।

यस समस्याको समाधानका लागि, राजनीतिक दलको सदस्यता स्वयंसेवकको रूपमा हुनुपर्छ, जहाँ सदस्यहरूले पार्टीको दृष्टि र लक्ष्यप्रति नि:स्वार्थ रूपमा योगदान गर्नेछन् । पार्टी सदस्यताबाट आर्थिक लाभ हटाउने यो सुधारले सार्वजनिक सेवाप्रति वास्तविक प्रतिबद्ध व्यक्तिहरूलाई आकर्षित गर्नेछ । साथै, यसले अवसरवादी व्यवहारलाई निरुत्साहित गर्दै राजनीतिक दलहरूमा निस्वार्थता र समर्पणको संस्कृतिलाई प्रोत्साहित गर्नेछ । राजनीतिक दलमा स्वयंसेवाको अवधारणाले लोकतान्त्रिक प्रक्रियामा व्यापक जनसहभागितालाई पनि प्रोत्साहन गर्नेछ ।

### चुनाव खर्चमा प्रतिबन्ध: भ्रष्टाचारको जरामा प्रहार

नेपालको निर्वाचन प्रक्रिया अत्यधिक खर्चिलो र अनैतिक अभ्यासहरूको पर्याय बनेको छ । उम्मेदवारहरूले प्राय: अभियानमा अत्यधिक रकम खर्च गर्छन्, जसका लागि व्यावसायिक चासो र अन्य स्वार्थ राख्ने दाताहरूमा निर्भर रहन्छन् । यो आर्थिक निर्भरताको चक्रले भ्रष्टाचारलाई बढावा दिन्छ, जसले निर्वाचित अधिकारीहरूलाई जनताको भन्दा आफ्ना आर्थिक सहयोगीहरूको चासोलाई प्राथमिकता दिन बाध्य बनाउँछ ।

यो चक्र तोड्न चुनाव खर्चमा कडा नियम आवश्यक छ । खर्च सीमाहरूको पारदर्शी निर्धारण, अभियानमा आर्थिक हिसाब सार्वजनिक रूपमा अनिवार्य गर्नु र उल्लैन गर्नेका लागि कडा सजाय लागू गर्दा सबै उम्मेदवारहरूका लागि समान प्रतिस्पर्धाको वातावरण सिर्जना हुनेछ । साथै, सार्वजनिक कोष मार्फत अभियानको लागि आर्थिक व्यवस्था गरेर योग्य व्यक्तिहरूलाई चुनावी प्रक्रियामा भाग लिन प्रोत्साहित गर्नेछ । यस्तै उपायहरू अपनाएर, नेपालले विचार र दृष्टिकोणको आधारमा प्रतिस्पर्धा गर्ने वातावरण सिर्जना गर्न सक्छ ।

### भ्रष्टाचार न्यूनीकरण, विकास प्रवर्द्धन

प्रस्तावित सुधारहरू जस्तै कार्यकारी राष्ट्रपति प्रणाली, विशेषज्ञ क्याबिनेट नियुक्ति, स्वयंसेवामा आधारित राजनीतिक दलको सदस्यता र चुनाव खर्चमा प्रतिबन्ध जस्ता विषय परस्पर सम्बन्धित छन् र यस्तो सुधारले नेपालको शासनमा भ्रष्टाचार र अप्रभावकारिताको मूल कारणलाई सम्बोधन गर्ने व्यापक रणनीति प्रदान गर्दछ । प्रत्यक्ष निर्वाचित राष्ट्रपति सम्पूर्ण मतदाताप्रति उत्तरदायी हुनेछन् न कि विशिष्ट निर्वाचन क्षेत्र वा गठबन्धन साझेदारप्रति । यस उत्तरदायित्वले राष्ट्रहित र दीर्घकालीन विकास लक्ष्यलाई प्राथमिकतामा राख्न प्रेरणा दिनेछ । विशेषज्ञद्वारा नेतृत्व गरिएको क्याबिनेटले निर्णय लिने र नीति कार्यान्वयनको गुणस्तर बढाउनेछ, जसले सार्वजनिक स्रोतहरूको प्रभावकारी र पारदर्शी प्रयोग सुनिश्चित गर्नेछ ।

राजनीतिक दलहरूमा स्वयंसेवाको अवधारणाले निस्वार्थ व्यक्तिहरूलाई आकर्षित गर्नेछ, जसले संरक्षण जालोको प्रभाव घटाउँदै नैतिक व्यवहारलाई बढावा दिनेछ । चुनाव खर्चमा प्रतिबन्धले राजनीतिमा पैसाको अत्यधिक प्रभावलाई हटाउनेछ, जसले सक्षम र दूरदर्शी नेताहरूलाई उदय हुने अवसर दिनेछ । सामूहिक रूपमा यी सुधारहरूले अखण्डता, योग्यता र जनकल्याणलाई प्राथमिकतामा राख्ने शासन प्रणाली सिर्जना गरी दिगो विकासको आधार शिला खडा गर्नेछ ।

### अघि बढ्ने बाटो

नेपालले स्थिर र समृद्ध राष्ट्रको रूपमा आफ्नो सम्भावना साकार पार्न, संविधान संशोधन गरी राष्ट्रपतीय प्रणाली अवलम्बन गर्न जरूरी भएको छ । कार्यकारी राष्ट्रपति प्रणालीको अवलम्बन र यससँग सम्बद्ध सुधारहरूले दशकौंदेखि देशलाई सताइरहेको चुनौतीहरू समाधान गर्ने मार्गचित्र प्रदान गर्दछ । नेपालको जटिल सामाजिक-राजनीतिक सन्दर्भमा यी सुधार कार्यान्वयनको व्यावहारिकतामा प्रश्न उठाउन सकिन्छ । स्थापित राजनीतिक नेताहरू र स्वार्थ समूहको प्रतिरोध रहने नै छ । तर, सुधारप्रति समर्पित नागरिक, नागरिक समाज संस्था र अन्तर्राष्ट्रिय साझेदारहरूको व्यापक गठबन्धन निर्माणले परिवर्तनको लागि आवश्यक गतिलाई सहयोग पुऱ्याउन सक्छ । यी आमूल परिवर्तनका लागि राजनीतिक इच्छाशक्ति, जनसमर्थन र दीर्घकालीन परिवर्तनप्रतिको प्रतिबद्धता जरूरी छ । नागरिक समाज, शैक्षिक क्षेत्र र सञ्चार माध्यमले यस विचारको प्रचार र पैरवी गर्न महत्वपूर्ण भूमिका खेल्न सक्छन् । यस्तै, अन्तर्राष्ट्रिय संगठन र विकास साझेदारहरूले नेपालको संक्रमणलाई सहयोग गर्न प्राविधिक सहायता उपलब्ध गराउन सक्छन् । कार्यकारी राष्ट्रपति प्रणाली र सम्बद्ध सुधारहरू अपनाएर, देशले अस्थिरता र भ्रष्टाचारको चक्रबाट मुक्त हुँदै उज्यालो र समान भविष्यको बाटो तय गर्न सकिन्छ । यसका लागि सबै सरोकारवालाहरूले यसको सम्भाव्यताका बारेमा बहस गर्न जरूरी छ ।

*(साभार: अनलाइनखबर)*

# सामाजिक सञ्जालको नियमन जरुरी

✍ नगेन्द्रराज पौडेल

आजको युग सूचना र प्रविधिका हिसाबले उच्चतम देखिन्छ । प्रविधिको विकाससँगै त्यसको लाभ नेपालले पनि लिएको छ । विगत सरकारले घरघरमा इन्टरनेट, हातहातमा मोबाइलको नारा नै दिएका थिए । क्षणभरमा भएको विश्वको परिवर्तन हत्केलाबाट हेर्न सकिने आजको युग साँच्चिकै विज्ञानको वरदान नै हो । तर विज्ञानले जुनरुपमा फड्को मारेको छ, त्यो सँगसँगै कतै विनाश पनि त निम्तिएको छैन ? सोच्नुपर्ने भएको छ । हामीकहाँ बढ्दो बेरोजगारीका कारण काम नपाएको एउटा वर्ग, जो सधैं सामाजिक सञ्जालमा झुन्डिरहन्छ, त्यसले सञ्जालको दुरुपयोग गर्दै सामाजिक सद्भाव र एकता बिथोल्ने काम गरेको देखिन्छ ।

एउटा भनाइ छ, एउटा चिकित्सकको हातमा परेको कैंचीले कसैको ज्यान बचाउन सक्छ भने त्यही कैंची मखन्नीको हातमा थमाइदिंदा कसैको ज्यान जान पनि सक्छ । मुख्य कुरा प्रयोगकर्ताको ज्ञान, सीप र ध्येयमा निर्भर रहन्छ । हामीकहाँ यस्तै अवस्थामा रहेको छ सामाजिक सञ्जाल । सामाजिक सञ्जालभित्र पनि खासगरी फेसबुक, ट्विटर र युट्युब हेरिसाध्य छैन । जसलाई जे मन लाग्यो त्यही लेखेर पोस्ट गर्दै आत्मरति लिनेको ठूलै जमात हामीकहाँ पाइन्छ ।

केही साताअघि विवादास्पद मेडिकल व्यवसायी दुर्गा प्रसाईंले प्रधानमन्त्री केपी शर्मा ओलीले कम्बोडियाको टेलिकममा नेपाली ३२ अर्ब रुपियाँ लगानी गरेको कागज सामाजिक सञ्जालमार्फत सार्वजनिक गरे । नेपाली राजनीतिमा यसले एकछिन् तरंग नै ल्याइदियो । प्रधानमन्त्री ओलीले आफ्नै पार्टीले आयोजना गरेको एक सार्वजनिक कार्यक्रममार्फत सो कार्यको निन्दा गर्दै नेपालमा असामाजिक गतिविधि बढ्दै गएकोमा चिन्ता प्रकट गरे ।

आज पनि कतिपय अवस्थामा प्रसाईंको उक्त पोस्टलाई लिएर प्रधानमन्त्री ओलीमाथि अनुसन्धान हुनुपर्छ भन्ने आवाज उठिरहेको देखिन्छ । यद्यपि उक्त कागजात फेक भएको कुरामा धेरैले विश्वास गरेका छन् । तैपनि एकथरी जमात फेक भन्नलाई पनि अनुसन्धानबाट भन्नुपऱ्यो भन्दै आएका छन् । प्रसाईं विद्युतीय कारोबार ऐन २०६३ विपरीतको कसुर गरेको आरोपमा गत मंसिर ४ मा पक्राउ परी केही समयको प्रहरी हिसासतपछि हाल धरौटीमा रिहा भएका छन् । यसअघि उनले माओवादी अध्यक्ष प्रचण्डसमेतको रकम विदेशमा रहेको अप्रमाणित र गैरजिम्मेवारपूर्ण अभिव्यक्ति दिंदै आएका थिए । देश बिगार्ने ओली, प्रचण्ड र देउवा हुन् भन्दै उनी जनमानसमा भाषण गर्दै हिँड्थे । उनी यसअघि २०८१ असोजमा पनि सोही कसुरमा प्रहरी हिरासतमा बसी ९ दिनपछि एक लाख धरौटीमा रिहा भएका थिए । सामाजिक सञ्जालको चरम दुरुपयोग गर्ने पात्रमध्ये एकजना यिनी पनि हुन् भन्ने तथ्य पटक-पटक सोही अभियोगमा पक्राउ परेको घटनाले पुष्टि गर्दछ ।

प्रधानमन्त्री ओली लक्षित आफूले लगाएको पछिल्लो आरोप महिना दिन पनि टिकेन । उनले आफूले लगाएको आरोप र सार्वजनिक गरेको कागजको पुष्टि गर्न आजपर्यन्त सकेका छैनन् । ह्वाट्सएपमा आएको कागज प्रमाणित नगरी जस्ताको त्यस्तै सार्वजनिक गरेको प्रसाईंको भनाइ छ । अप्रमाणित र असत्य कागजात सार्वजनिक सञ्जालमा पोस्ट गरी कसैको चरित्र हत्या गर्ने काम कतिसम्म जायज छ ? यसको समीक्षा हुन जरुरी छ । दुर्गा प्रसाईंले यसपटक मात्र होइन, पटक-पटक गैरजिम्मेवारपूर्ण अभिव्यक्ति दिने र जिम्मेवार पदाधिकारीविरुद्ध गलत आरोप लगाउँदै आएका छन् । उनको बोली अनियन्त्रित मात्र होइन, असभ्य र अमर्यादितसमेत थियो । उनले प्रलोभन देखाएर व्यवसायीबाट रकम असुलेको समेत आरोप छ । सीआईबीले उनले अनुचित लाभका लागि गरेको फोन डिटेल फेला परेको समाचार बाहिरिएको छ । देशको प्रधानमन्त्री, विभिन्न दलका नेतामाथि एउटा व्यक्तिले अप्रमाणित आरोप लगाउने, उत्तेजक अभिव्यक्ति दिँदै हिँड्ने र वित्तीय संस्थाको ऋण तिर्न हुँदैन भनी जनमानस भड्काउने काम कुनै पनि सभ्य समाजका लागि ग्राह्य हुँदैन । यी गतिविधि हेर्दा सामाजिक सञ्जाल भ्रम सिर्जनाकै लागि प्रयोग भएको देखिन्छ । यसकारण पनि अराजकताविरुद्ध कानुनी कारबाही जरुरी थियो र छ पनि ।

### आफ्नै विगत उस्तै :

२०४६ सालको राजनीतिक परिवर्तनपछि एकथरी जमात यसरी उफ्र्यो कि मानौं उसले संसारै पायो । २०४६ को परिवर्तन ऊ आफ्नै कारणले मात्र आएको झैं गरी फुलेल भयो । ग्रामीण बस्तीको एकथरी जमात अब शहरबजारका आरसीसी घरहरु हाम्रा हुन्छन् भन्न थाल्यो । अर्को थरी जमात कसैले लिएको ऋण तिर्न पर्दैन, नतिर्नू भन्ने उर्दी जारी गऱ्यो । २०४६ को परिवर्तनपछि भएको पहिलो आम निर्वाचनमा यिनै एजेन्डाहरु अनौपचारिक रुपमा अघि सारिए । हो, यिनै एजेन्डा अघि सारी हिँड्नेहरु नै आज प्रत्यक्ष, परोक्ष सत्तामा छन् । मेडिकल व्यवसायी प्रसाईं पनि विगतको त्यही पाठबाट प्रशिक्षित भएका राजनीतिककर्मी समेत हुन् ।

क्रमश: पृष्ठ-३....

## शिक्षकलाई योगदानमा आधारित पेन्सन :

# शिक्षालाई थाहै नदिई अर्थ मन्त्रालयले ल्याएको प्रस्ताव

काठमाडौं/ शिक्षकहरूलाई योगदानमा आधारित पेन्सनसहितका व्यवस्था राखेर सरकारले २७ पुसमा अध्यादेश ल्यायो । लगत्तै शिक्षकहरूले विरोध जनाए । कास्कीका ३५ शिक्षकले त राजीनामा नै दिए । नेपाल शिक्षक महासंघले आन्दोलनको चेतावनी दियो ।

विधेयक आएसँगै शिक्षा तथा विज्ञान प्रविधि मन्त्री विद्या भट्टराईले शिक्षकहरूको विरोधको सामना गर्नुपर्‍यो । यससँगै सरकारले किन यस्तो प्रावधान ल्यायो ? शिक्षकहरू किन आन्दोलित भए ? भनेर प्रश्न उठेको छ ।

गत २९ पुसमा राष्ट्रपति रामचन्द्र पौडेलले प्रमाणीकरण गरेको सुशासन, प्रवर्धन तथा सार्वजनिक सेवा प्रवाहसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेशमा निवृत्तिभरण कोष ऐन २०७५ को दफा ९ मा 'शिक्षक सेवा' थप गर्ने भनिएको छ । ऐनको दफा ९ मा सरकारी सेवामा स्थायी रूपमा नियुक्त हुने कर्मचारीलाई योगदानको आधारमा निवृत्तभरण प्रणालीमा समावेश गरिने भनिएको छ । जसमा सेना, प्रहरी, सशस्त्र प्रहरी, नेपालको सेवा र नेपाल विशेष सेवा समावेश भएका छन् ।

यसैमा शिक्षक सेवा पनि थप गर्ने अध्यादेशमा आएको हो । २०७५ चैतबाट ऐन लागू भएकाले सो मितिदेखि नियुक्त भएका शिक्षक पनि योगदानको आधारमा निवृत्तभरणमा जानुपर्ने अवस्था आएको शिक्षकहरूको संशय छ ।

'ऐन २०७५ चैतबाट लागूभएको हो । यसमै लगेर शिक्षक सेवा थप गरेपछि सोही अवधिबाट लागू हुने अर्थ लाग्छ । यो प्रावधान मान्य हुँदैन,' नेपाल शिक्षाम महासंघका अध्यक्ष लक्ष्मीकिशोर सुवेदीले भने, 'नीति कहिलेबाट लागू हुने भन्नेमा हाम्रो विमति हो ।'




जुन मितिमा शिक्षक सेवा थप गरिएको समयदेखि लागू हुने हो भने मान्य हुन शिक्षकहरूको तर्क छ । 'कानुनको अक्षरले बोल्यो भने मान्छौं । अन्यत्र जे लेखिएको भएता पनि शिक्षकको यो मितिदेखि लागू हुने गरी भनेर लेखियो भने मान्य हुन्छ,' सुवेदीले भने ।

विद्यालय शिक्षा ऐन बन्ने चरणमा रहेकाले सो ऐनमा समावेश गरिनुपर्नेमा अध्यादेशमार्फत ल्याउँदा २०७५ देखि नै लागू गर्न खोजेको आशंका शिक्षकहरूको छ । 'विधेयक संसद्मा छ । ऐनमा आउनु पर्ने विषय हो । शिक्षा ऐनमा नल्याएर अध्यादेशमार्फत ल्याउनुमा आशंका छ,' सुवेदीले भने ।

संसद्मा रहेको शिक्षा विधेयकमा पनि योगदानमा आधारित निवृत्तभरणमा लैजाने भनिएको छ । 'यो ऐन प्रारम्भ भएपछि स्थायी नियुक्ति हुने शिक्षकको हकमा प्रचलित कानुन बमोजिम योगदानको आधारमा निवृत्तभरण प्रणालीमा लगिनेछ,' विधेयकमा भनिएको छ । यो ऐन जारी भएपछि लागू हुनु पर्ने विषय अध्यादेशमा आएकोमा शिक्षकहरूले आपत्ति जनाएका हुन् ।

शिक्षकको हकमा अध्यादेश जारी भएपछिको समयलाई आधार मान्ने शिक्षा मन्त्रालयको बुझाइ छ । 'शिक्षकको हकमा जारी भएको मितिलाई आधार मान्ने हो,' शिक्षा मन्त्रालयका एक अधिकारीले भने, 'यसअघि शिक्षक सेवा निवृत्तभरण कोषमा समावेश थिएन । अहिले समावेश भएकाले अहिलेको मितिबाट लागू हुने हो ।' मन्त्रालयका प्रवक्ता शिवकुमार सापकोटा अध्यादेशमा आएको प्रावधानको विषयमा अध्ययन गरिरहेको बताउँछन् ।

'कसरी कहिलेदेखि लागू हुने भन्नेमा छलफल भइरहेको छ । खाइपाइ आएको प्रबन्धमा कमि हुने छैन भनेर कानुन पनि बनेको छ । अहिले नै शिक्षक आत्तिनुपर्ने अवस्था छैन । यदि पैरवी गर्नुपर्ने अवस्था आयो भने मन्त्रालयले गर्छ,' प्रवक्ता सापकोटाले भने ।

तर, शिक्षकहरू निवृत्तभरण कोष ऐन २०७५ संशोधन गरेर समय स्पष्ट गरिनुपर्ने अडानमा छन् । 'ऐनमा संशोधन हुनुपर्छ । बोलेको आधारमा मात्र मान्न सकिँदैन । स्पष्ट लेखिनुपर्छ,' अध्यक्ष सुवेदीले भने । तर, शिक्षकले खाइपाइ आएको सेवा सुविधामा कमी हुन नदिने गरी शिक्षा मन्त्रालयले छलफल अगाडि बढाएको छ ।

**शिक्षासँग छलफल नगरी अर्थले लगेको प्रस्ताव**

अध्यादेशमा आएको प्रावधानमा शिक्षा मन्त्रालय पनि सन्तुष्ट छैन । स्रोतका अनुसार अर्थ मन्त्रालयले आफैं लगेको प्रस्ताव हो । 'कोषलाई व्यवस्थापन गर्ने भनेर अर्थ मन्त्रालयले लगेको रहेछ । शिक्षा मन्त्रालयसँग राय सुझाव पनि मागेको थिएन,' शिक्षा मन्त्रालय स्रोतले भन्यो । विद्यालय शिक्षा बन्ने चरणमा रहेको समयमा अध्यादेशमा आएकोमा शिक्षा मन्त्रालय पनि सन्तुष्ट छैन ।

तर, अर्थमन्त्रालय स्रोतका अनुसार कोषको विषय अर्थ मन्त्रालयको भएकाले शिक्षा मन्त्रालयलाई नसोधि प्रस्ताव लगिएको हो । 'अर्थको विषय शिक्षालाई सोध्नु आवश्यक नरहेकाले कोष व्यवस्थापन गर्न शिक्षक सेवालाई पनि सेवामा आधारित निवृत्तभरणमा लगिएको हो,' अर्थ मन्त्रालय स्रोतले भन्यो ।

शिक्षा मन्त्रालयका अधिकारीका अनुसार शिक्षकहरूले प्रश्न उठाएपछि शिक्षामन्त्री विद्या भट्टराईले अर्थ मन्त्रालयसँग समन्वय गरिरहेकी छिन् । 'शिक्षामन्त्रीले यो विषयलाई चासोका साथ हेर्नुभएको छ । अर्थ मन्त्रालयसँग छलफल गर्नुभएको छ,' मन्त्रालयका एक अधिकारीले भने, 'शिक्षा मन्त्रालयले प्रस्ताव गरेको विषय काटिएछ । प्रस्ताव नै नगरेको निवृत्तभरणको विषय आएछ ।'

अर्थ मन्त्रालयले थप स्पष्ट पारेपछि आवश्यक निर्णय गर्ने शिक्षा मन्त्रालयको तयारी छ । त्यसै ले शिक्षा मन्त्रालयले संयमित हुन शिक्षकहरूलाई अनुरोध गरेको छ । 'शिक्षकलाई मर्का परेमा मन्त्रालयले अभिभावकत्व निभाउँछ । त्यसैले शिक्षकहरूलाई संयमित हुन अनुरोध छ,' मन्त्रालयका प्रवक्ता सापकोटाले भने ।

*(स्रोत: अनलाइनखबर)*

# फिल्ममा महंगा 'बले', ३५ लाख पारिश्रमिक



काठमाडौं/नेपालमा फिल्मको व्यापारभन्दा कलाकारको पारिश्रमिक ज्यादा बढिरहेको हुन्छ । कुनै बेला फिल्म बन्ने बजेट अहिले एउटा चलेको कलाकारलाई पारिश्रमिक पनि नपुग्ने अवस्था छ । हुँदाहुँदा म्यूजिक भिडियो र टेलिसिरियलका कलाकार पनि फिल्ममा सुनबराबर भएका छन् । सागर लम्साल 'बले' यसको उदाहरण हुन् । हालै उनले एक फिल्ममा बुझेको पारिश्रमिक चर्चाको विषय बनेको छ ।

सागरले शुक्रबार राजु गिरीको निर्देशनमा बन्न लागेको फिल्म 'डल्लेले इन्ट्री मार्‍यो' सम्झौता गरेका थिए । उक्त फिल्म उनले ३५ लाख पारिश्रमिकमा सम्झौता गरेको बताइन्छ । यसको पृष्टि निर्देशक गिरी स्वयंले गरेका छन् । उनी फेसबुकमा लेख्छन्, 'मैले सागरजीलाई ३५ लाख तिरैं त के भयो ?' उनले सागरलाई अबको 'स्टार' देखेर उक्त पारिश्रमिक तिरेका हुन् रे !

नेपालको हकमा कलाकारलाई ३५ लाख पारिश्रमिक उल्लेख्य हो । त्यसो त ५० लाख पारिश्रमिक लिने कलाकार पनि छन् । तर, सागर फिल्ममा चलेका कलाकार होइनन् । हास्य सिरियल 'सक्किगोनि'मा जानुअघि उनले केही फिल्ममा काम गरे पनि करिअर सुखद थिएन । सिरियलको 'बले' चरित्रले भने उनलाई लोकप्रियता दिलायो । र, यसपछि म्यूजिक भिडियोमा चम्किए ।

अब फिल्ममा 'महंगा नायक' बनेका सागरले बक्स अफिसमा आफूलाई प्रमाणित गर्नुपर्नेछ । त्यो हुँदा उनले ३५ लाख पारिश्रमिक लिएको पनि सार्थक हुनेछ । नभए त्यही पारिश्रमिक उनको खिसिटिउरी गर्ने विषय बन्नेछ । यसअर्थ 'डल्लेले इन्ट्री मार्‍यो' उनका लागि अवसर र चुनौती दुवै हो । यसअघि सहायक भूमिकामा देखिएका उनी यसमा भने पहिलो पटक हिरो भएर प्रस्तुत हुँदैछन् ।

# 'रंगी'को प्रचार गर्न महोत्सवमा सलोन, दुर्गेशको साथ



काठमाडौं/यतिखेर देशभर मेला-महोत्सवको सिजन चलेको छ । ७७ जिल्लामध्ये आधाभन्दा बढीमा महोत्सव भइरहेका छन् । यसले गायिका-गायिकादेखि फिल्मका कलाकारलाई भ्याइनभ्याइ बनाएको छ । दर्शकको ठूलो उपस्थिति हुने भएकाले महोत्सवहरु फिल्म प्रचार गर्ने थलो पनि बनिरहेका छन् । यतिबेला पल शाहदेखि प्रदीप खड्कासम्मले महोत्सवबाटै आफ्नो फिल्मको प्रचार गरिरहेका छन् ।

अब अभिनेता सलोन बस्नेत पनि आफ्नो नयाँ फिल्म 'रंगी'को प्रचार गर्न महोत्सवमा हिँड्न थालेका छन् । फिल्मका लागि 'छ भने माया' गीत तयार पारेका गायक दुर्गेश थापाको साथमा उनले हालै बर्दियाको बासगढी महोत्सवमा फिल्मको प्रचार गरे । दुर्गेशले 'छ भने माया' गीत गाउँदा सलोन नाचेका थिए । त्यहाँ उनीसँग फोटो खिच्ने दर्शकको भीड पनि उल्लेख्य देखिएको थियो ।

दुर्गेशकको साथमा सलोन अरु पनि केही महोत्सवमा सहभागी हुने तयारीमा छन् । यसले फिल्मको प्रचारमा ठूलो मद्दत पुग्ने उनको विश्वास छ । उनी भन्छन्, 'म धेरैपछि महोत्सवमा पुगेको हुँ । दर्शकले फिल्मप्रति जुन उत्साह देखाउनुभयो, त्यसले मलाई नै जोस भरेको छ ।' 'रंगी' उनको निर्माणमा बनेको पहिलो फिल्म हो । यसैले पनि उनी प्रचारमा गम्भीर देखिएका छन् ।

सुरेश न्यौपानेको 'डेब्यु' निर्देशनमा बनेको फिल्ममा सलोन सहित दीलिप रायमाझी, नम्रता श्रेष्ठ, आयुषी ढकाल, उत्तम केसी, सुमिन गुरुङ, र विशाल पहारी लगायतको अभिनय छ । सक्षम सुवेदी, करिश्मा केसी र अनिश गौतमको निर्माण रहेको फिल्ममा सुमन गजमेरको लेखन, सौरभ लामाको छायांकन तथा बन्दे प्रसादको सम्पादन छ । यो फिल्म आगामी फागुन २ गतेबाट प्रदर्शन हुँदैछ ।

# सामाजिक सञ्जालको....

तसर्थ आजको यो अवस्था आफैंले रोपेको बिरुवा झाँगिएको मात्र हो । यसकारण जिम्मेवार दल, जिम्मेवार नेतृत्वले सधैं जिम्मेवारीपूर्वक व्यवहार गर्नुपर्छ । अनुकूलतामा एउटा र प्रतिकूलतामा अर्को बोली गर्दा आफैंले खनेको खाडलमा आफैं परिन्छ भन्ने कुराको पनि हेक्का राख्न जरुरी छ ।

यसको प्रभाव सामाजिक सञ्जालमा पनि परेको छ । आम मानिसहरु ऋण तिर्न पर्दैन वा तिर्दैनौं भनी भड्किएका पनि छन् । यसको जिम्मेवारी प्रसाईलाई बोकाउनुभन्दा पहिला आफ्नो ऐना सबैले हेर्न जरुरी छ ।

**सकारात्मक हुन सिकौं :**

सञ्चार आजको युगको शक्तिशाली माध्यम हो । अमेरिकी पूर्वराष्ट्रपति बाराक ओबामाले 'एडासिटी अफ द होप' नामक पुस्तकमा 'म त्यो मानिस हुँ जस्तो सञ्चारले सम्प्रेषण गर्छ, मैले त्यो गर्छु, सञ्चारले जे गरेको भनिदिन्छ' भनेका छन् ।

सम्पत्ति विवरण किन ढाँटेको ? भनी प्रश्न गर्दा टेलिभिजनकर्मी राजु थापाको जागिर खाइदिने नेपालका जस्ता सञ्चार मन्त्रीहरु संसारका अन्य देशमा विरलै पाइन्छन् । सञ्चार सबैको प्रिय विधा नै हो । संसारका कैयौं मानिसले समाचार र सञ्चारमा आएका खबरकै आधारमा आफ्नो धारणा र दृष्टिकोण बनाएका हुन्छन् ।

आजकल सञ्चारका लागि सामाजिक सञ्जाल निकै लोकप्रिय बनेर आएको छ । सर्वसाधारणदेखि विशिष्ट व्यक्तिहरुसमेत सामाजिक सञ्जालका यी दुई विधा फेसबुक र ट्विटरमा निकै रमाएको पाइन्छ । सामाजिक सञ्जालमा भारतमा प्रधानमन्त्री मोदीलाई ४० करोड नागरिकले पछ्याउँदै उनको समर्थन तथा प्रभाव वृद्धि गर्न विभिन्न सुझाव दिएको पाइन्छ ।

अघिल्लो कार्यकालका अमेरिकाका राष्ट्रपति ट्रम्प यस्ता समर्थन पाउनेहरूको अग्रसूचीमा थिए । हाम्रा पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराई पनि सामाजिक सञ्जालमा समकालीन नेताभन्दा माथि देखिन्छन् ।

पछिल्लो समयमा काठमाडौंका मेयर बालेन साह र प्रधानमन्त्री ओलीबीच फेसबुकमा समर्थक बढ्ने र घट्ने प्रतिस्पर्धाले राम्रै स्थान लिएको थियो । यसलाई सामाजिक सञ्जालप्रतिको सकारात्मक दृष्टिकोण मान्न सकिन्छ ।

तर सामाजिक सञ्जाल सधैं, सबैले असल नियतले नै प्रयोग गरेका छन् भन्न सकिने अवस्था भने छैन । सञ्जालमार्फत व्यक्ति, संस्था र समूहलाई गाली गरेर र माउनेको जमात बढ्दो छ । हिजोआज सामाजिक सञ्जालमा मन नपरेका विषय, व्यक्ति र समूहलाई गाली गर्ने मात्र होइन, मनोगत कुण्ठा पोख्नेहरूको जमात पनि उत्तिकै सक्रिय छ । खासगरी राजनीतिक हिसाबले बदख्वाइँ गर्ने, व्यक्तिगत आकांक्षा पूरा हुन नसक्दा कसैको चरित्र हत्या गर्ने तथा विभिन्न रुप र स्वरुपमा आकृति बिगार्दै प्रस्तुत गर्ने काम हिजोआज बढी मात्रामा हुने गरेको पाइन्छ । कतिले सञ्जालमार्फत तनाव नै दिएर आत्महत्यासम्म गर्न पुर्‍याएका घटनाहरु पनि हामीकहाँ देख्न, सुन्न सकिन्छ । यो निर्लज्जताको पराकाष्ठा हो ।

**नियमनमा कडाइ :**

नेपालमा फेसबुक र ट्विटरकै माध्यमबाट मानिसहरूले मनमा लागेको कुरालाई अभिव्यक्त गर्छन् र त्यसको परिणाम खोज्छन् । सूचना प्रविधिको विकाससँगै सामाजिक सञ्जालको पहुँच विस्तार भएको छ । 'घरघरमा इन्टरनेट, हातहातमा मोबाइल' तत्कालीन सञ्चारमन्त्री कृष्णबहादुर महराले अघि सारेको सञ्चार नीति थियो । दुर्भाग्य, हिजो तिनै महराले सामाजिक सञ्जालमा व्यापक विरोध र आलोचना सहनुपर्‍यो । न्यायालयको क्षेत्राधिकारभित्र प्रवेश गरिसकेको विषयलाई न्यायालयले दिने अन्तिम फैसला नआउँदासम्म क्रिया-प्रतिक्रिया दिनु अदालतकै मानहानी हो भन्ने सामान्य कुरा पनि हाम्रा सामाजिक सञ्जालका प्रयोगकर्ताहरुले बुझ्न सकेका थिएनन् ।

सामाजिक सञ्जालमा सहज पहुँचका कारण आम मानिस यसमा अभ्यस्त भइसकेका छन् । यो सकारात्मक पक्ष हो । तर यसको गलत प्रयोग र यसैलाई अभिष्ट पूर्तिको साधन बनाउँदा समस्या आएको छ । यसलाई नियमन गरेर बेलैमा नरोक्ने हो भने थप विकृति र विसंगति आउन सक्छ । यसतर्फ नियामक निकायको ध्यानाकर्षण बेलैमा हुन जरुरी छ ।

कतिले पूर्वप्रधानमन्त्री शेरबहादुर देउवालाई जुत्ता पोलिस गर्दै गरेको चित्र पोस्ट गरेको पनि देखियो । मधेसवादी दलका नेताका हकमा पनि राष्ट्रवाद विरोधी क्रियाकलाप झल्किने गरी सामग्रीसहित आकृति पोस्ट गरिएको पाइन्छ । कतिपय पोस्ट त घरका परिवारसँगै बसेर हेर्नै नसक्ने खालका पनि पाइन्छन् ।

यी कुनै पनि क्रियाकलाप उपयुक्त छैनन् । यसले गर्दा हामीले कसलाई फाइदा गराउन खोजेका छौं ? हाम्रा नेताको चरित्र हत्या गराएर हामीले के विकल्प दिन खोजेका हौं ? राजनीतिको विकल्प राजनीति नै हो । दलको विकल्प अझै राम्रो दल हो । नेताको विकल्प नेतै हो । यसर्थ सुधारात्मक टिप्पणी दिन सकिएला तर नङ्ग्याउने प्रयास सबैतर्फ हानिकारक छ । अझ चरित्र हत्या गर्नेजस्ता निकृष्ट काम त निन्दनीय नै ठहर्छ । यस्ता सञ्जालमा प्रस्तुत हुने कतिपय सामग्रीले व्यक्तिको भावनामा चोट पुगेको हुन्छ । संघसंस्थाको छविमा आँच पुर्‍याउने काम पनि गरिरहेको हुन्छ ।

यी सबै गतिविधिले हाम्रो समाज मात्र होइन, होनहार युवा पुस्तासमेत प्रभावित हुन्छन् । यसकारण सामाजिक सञ्जालको गलत प्रयोग गर्नेलाई कानुनको दायरामा ल्याई समय सन्दर्भअनुसार नवीनतम ज्ञान, सीप र पेसा व्यवसायका लागि यसको अधिकतम उपयोग भने गर्नै पर्छ ।

*(साभार: न्यूज अफ नेपाल)*

# राष्ट्रिय परिचयपत्र विरुद्धको रिट खारेज

काठमाडौं/राष्ट्रिय परिचयपत्रलाई कार्यान्वयन गर्न रोक लगाउनुपर्ने मागसहित दायर रिट निवेदन सर्वोच्च अदालतले खारेज गरेको छ । सर्वोच्च अदालतको फैसलासँगै सरकारलाई विभिन्न सेवाका लागि राष्ट्रिय परिचयपत्र लागु गर्ने बाटो खुलेको छ ।

देशभर एकैसाथ राष्ट्रिय परिचयपत्र लागू गर्दा सेवाग्राहीहरु मारमा पर्न सक्ने भन्दै अधिवक्ता रामबहादुर राउलले सर्वोच्च अदालतमा रिट निवेदन दर्ता गरेका थिए । प्रधानन्यायाधीश प्रकाशमान सिंह राउत र न्यायाधीशहरु अब्दुल अजीज मुसलमान र नृपध्वज निरौलाको इजलासले रिट निवेदन खारेज गरेको थियो ।

सर्वोच्च अदालतले वेबसाइटमार्फत तीन सदस्यीय पूर्ण इजलासबाट केही निर्देशनात्मक आदेश जारी भएको उल्लेख छ, तर आदेशको विवरण सार्वजनिक भइसकेको छैन । अर्को रिट निवेदनमा सामाजिक सुरक्षा भत्ताका लागि राष्ट्रिय परिचयपत्र अनिवार्य गर्दा कैयौ नागरिक भत्ताबाट बञ्चित भएकाले त्यसलाई चरणबद्ध रुपमा कार्यान्वयन गर्न माग गरिएको थियो ।

उनको मुद्दामा अन्तरिम आदेश जारी गर्दै सर्वोच्च अदालतले राष्ट्रिय परिचयपत्र सम्बन्धी व्यवस्था तत्काल कार्यान्वयन नगर्न अन्तरिम आदेश जारी गरेको थियो । त्यसलगत्तै सरकारले अन्तरिम आदेश खारेजीको माग राखी सर्वोच्च अदालतमा निवेदन दिएको थियो ।

रिट निवेदनमा गम्भीर कानुनी प्रश्न समावेश भएको देखिएको भन्दै सर्वोच्च अदालतले उक्त रिट निवेदनलाई तीन सदस्यीय पूर्ण इजलासमा पेश गर्न आदेश दिएको थियो । त्यसपछि सर्वोच्च अदालतको पूर्ण इजलासबाट मुद्दाको सुनुवाइ गरेर निर्णय सुनाउने मिति तोकेको हो ।

२४ जेठ, २०८१ को मन्त्रिपरिषद निर्णयबाट सरकारले पहिलो चरणमा २८ जिल्लाबाट सामाजिक सुरक्षा भत्ता लिन राष्ट्रिय परिचयपत्रलाई अनिवार्य गरेको थियो । त्यतिबेला नै १ माघदेखि थप ३८ जिल्लामा त्यसलाई विस्तार गर्ने निर्णय भएपछि कार्यान्वयन हुन सकेको थिएन ।

*स्रोत: अनलाइनखबर)*

# गाजा युद्धविरामपछि रिहा भए तीन बन्धक

काठमाडौं/गाजा युद्धविरामपछि पहिलो चरणअन्तर्गत रिहा गरिएका तीन बन्धक इजरायल फिर्ता भएका छन् । युद्धविराम सम्झौता कार्यान्वयनमा आएको केही घण्टापछि आइतबार हमासले ती तीन बन्धकलाई रेडक्रसको जिम्मा लगाएको बीबीसीले जनाएको छ । रिहा भएका तीनैजना महिला बन्धक हुन् । उनीहरू चार सय ७१ दिनपछि हमासको नियन्त्रणबाट मुक्त भएका हुन् ।

रिहा गरिएकामा २४ वर्षीया रोमी गोनेन, ३१ वर्षीया डोरोन स्टेनब्रेचर र २८ वर्षीया एमिली डमारी छन् । गोनेन ७ अक्टोबर २०२३ हमासले नोभा म्युजिक फेस्टिभलमा सहभागी हुँदै गर्दा हमासको आक्रमणमा परेर कब्जामा परेकी थिइन् । अब आगामी ६ साताभित्र हमासले थप ३० बन्धक रिहा गर्ने सम्झौता भएको छ । इजरायलसँगको युद्धविराम सम्झौताअन्तर्गत हमासले पहिलो चरणमा मुक्त हुने ३३ बन्धकको सूचीमा नेपाली विद्यार्थी विपिन जोशीको नाम समेटिएको छैन । अध्ययनको शिलशिलामा इजरायलमा रहेका विपिनलाई ७ अक्टोबर २०२३ मा हमासले दक्षिणी इजरायलबाट बन्धक बनाएको थियो । त्यसयता उनको अवस्था अज्ञात छ । कतार, अमेरिका र इजिप्टको मध्यस्थतामा भएको युद्धविराम सम्झौताको कारण गाजामा १५ महिनादेखि जारी युद्ध अन्त्य भएको छ ।

# १० सहरमा 'दु:खी आत्मा'को 'जोक जात्रा' गरिने




काठमाडौं/प्रेम दिवसको दिन पारेर आगामी फागुन २ गतेबाट प्रदर्शनमा आउने तयारीमा रहेको फिल्म 'दु:खी आत्मा'को प्रचारलाई आक्रामक तुल्याउन 'जोक जात्रा' कार्यक्रम गरिने भएको छ । केही चर्चित कमेडियनसँगको सहकार्यमा हुन लागेको यो कार्यक्रम देशका १० वटा सहरमा गरिने निर्माता हिमाल कडरियाले जानकारी दिए । उक्त कार्यक्रममा फिल्मका कलाकारहरु पनि सहभागी हुनेछन् ।

'जोक जात्रा: स्ट्यान्ड अफ कमेडी टुर अगेन' नाम दिइएको यो कार्यक्रम यही माघ ६ गते नेपालगञ्जबाट सुरु हुनेछ । त्यसपछि माघ ८ गते बुटवल, माघ १० गते नवलपुर, माघ ११ गते चितवन, माघ १३ गते पोखरा, माघ १६ गते हेटौडा, माघ १७ गते दमक, माघ १९ गते विर्तामोड र माघ २० गते इलाममा गरेर संघीय राजधानी काठमाडौंमा समापन हुनेछ ।

उक्त कमेडी टुरमा 'कमेडी च्याम्पियन सिजन ३'का विजेता सुनिल खड्का, कर्मा सिंह लामा, सन्देश देवकोटा, निश्चल अर्याल र प्रतिक कुमार अधिकारीले प्रस्तुति दिनेछन् । उनीहरु सबैले 'कमेडी च्याम्पियन'मा आफ्ना प्रस्तुति दिइसकेका छन् । फिल्मबारे दर्शकको ठूलो वर्गसम्म जानकारी पुर्‍याउन 'जोक जात्रा' कार्यक्रम प्रभावकारी हुने निर्माता कडरियाको विश्वास छ ।

दीपेन्द्र लामाको लेखन तथा निर्देशन रहेको फिल्ममा दयाहाङ राई, आँचल शर्मा, अनुप विक्रम शाही, वृद्दि तामाङ, कविता आले लगायतको अभिनय छ । यौन स्वास्थ्यको विषयमा बनेको फिल्मको कार्यकारी निर्मातामा सुदीप बराल छन् भने आलोक शुक्लाको छायांकन र निमेष श्रेष्ठको सम्पादन छ । दुई हप्ताअघि सार्वजनिक टिजरले दर्शकमाझ 'दु:खी आत्मा'को राम्रो हाइप बनाएको छ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**

The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# वडास्तरीय फुटबलको उपाधि मनहरी-७ लाई



साझाकुरा संवाददाता

हेटौंडा, ६ माघ/मनहरी गाउँपालिका वडास्तरीय दोश्रो वडाअध्यक्ष भिमान सहिदस्मृति कप फुटबल प्रतियोगिताको उपाधि एफसि मनहरी-७ ले जितेको छ ।

प्रतियोगिताको फाइनल खेलमा एफसि मनहरी-७ ले वडा नम्बर ७ कै चुरियामाई युवा क्लब रमौलीलाई ३-१ गोलअन्तरले पराजित गरी उपाधि जितेको हो । एफसि मनहरी-७ नम्बरको जीतमा कपिल मुक्तान, समिर स्याङ्तान र आन्द्रेस स्याङ्तानले १/१ गोल गरे । बिजेता रमौलीको तर्फबाट किरण राउतले १ गोल गरे । बिजेता एफसि मनहरी-७ ले नगद ५० हजार ५५५ सहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गरे । यस्तै उपबिजेता रमौलीले नगद २५ हजार ५५५ सहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गरेको छ ।

प्रतियोगितामा एफसि मनहरी-७ का मनिष पौडेलले उत्कृष्ट खेलाडीसँगै सर्वाधिक गोलकर्ताको उपाधि जिते । उनले प्रतियोगिता अवधिभर ७ गोल गरेका थिए । उत्कृष्ट फरवार्ड र उत्कृष्ट गोलरक्षकमा एफसि मनहरी-७ मिलन स्याङ्तान र अनुप तितुङ भए । उत्कृष्ट डिफेण्डरमा रमौलीका अभिशेक सुवेदी घोषित भए । वडा खेलकुद विकास समिति मनहरी गाउँपालिका-२ को आयोजनामा पुस २६ गतेदेखि सुरु भएको प्रतियोगितामा मनहरी गउँपालिकाको बिभिन्न वडाका १६ टिमको सहभागिता रहेको थियो ।

प्रतियोगिताका बिजेता तथा उपबिजेता टिमलाई बागमती प्रदेशसभा सदस्य एवम् सामाजिक विकास पूर्वमन्त्री कुमारी मोक्तानले पुरस्कार, मेडल तथा ट्रफी हस्तान्तरण गरिन् । पुरस्कार वितरण तथा समापन समारोहको प्रमुख अतिथि पूर्वमन्त्री मोक्तानले राष्ट्रियरुपमा आफ्नो स्थानको पहिचान गराउन खेलकुद महत्वपूर्ण बन्दै गएको बताइन् । मोक्तानले राज्यले खेलकुद जगतमा विशेष ध्यान बताउँदै खेलाडीमा लगनशीलता र अनुशासन अपरिहार्य भएको बताइन् । तत्कालीन माओवादी जनयुद्धको क्रममा २०६० माघ २२ गते सरकारपक्षको आक्रमणमा परी मनहरी-२ भिमानमा २ जना स्थानीय सहित १९ जनाको मृत्यु भएको घटनाको स्मृतिमा वडाअध्यक्ष भिमान सहिदस्मृति कप फुटबल प्रतियोगिताको आयोजना गरिएको वडा खेलकुद विकास समिति मनहरी-२ का अध्यक्ष सुकराम मुक्तानले बताए ।

पुरस्कार वितरण तथा समापन समारोहमा जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलान, नेकपा माओवादी केन्द्र मकवानपुर जिल्ला सचिव वीरबहादुर घलान 'ज्वाला', मनहरी गाउँपालिका उपाध्यक्ष सीता पुलामीमगर, वडा नम्बर २ का अध्यक्ष राजकुमार पाखिन, वडा नम्बर ४ का अध्यक्ष प्रकाश थापा, वडा नम्बर ५ का अध्यक्ष दीपेन्द्र अधिकारी, वडा नम्बर ७ का अध्यक्ष ठाकुरराम तितुङ, नेकपा मकवानपुर जिल्ला ईन्चार्ज वाटर, मनहरी खेलकुद विकास समिति अध्यक्ष बीरु लामालगायतको आतिथ्यता रहेको थियो ।

मनहरी गाउँपालिकाबाट खेलकुदमा राष्ट्रियस्तरमा पालिकाको पहिचान दिलाउन सफल फुटबल खेलाडी क्रिशल मोक्तान र सन्तोष गोङ्बालाई नगदसहित सम्मान गरिएको थियो । यसैगरी मकवानपुर को खेलकुद जगतलाई माथि उकास्न योगदान पुऱ्याएको भन्दै भीम लामा र सञ्चारमार्फत् योदान पुऱ्याएबापत कालीपोखरी डटकमका प्रवन्धक/सम्पादक उमेश राईलाई नगदसहित कदरपत्रले सम्मान गरिएको थियो । प्रतियोगितामा वडा खेलकुद विकास समिति मनहरी-२ को आयोजना तथा मनहरी गाउँपालिका-२ नम्बर वडाले आर्थिक सहयोग रहेको थियो । त्रिरत्न आधारभूत विद्यालय मनहरी-२ दोभानको खेलमैदानमा सम्पन्न प्रतियोगिता वडा खेलकुद विकास समिति मनहरी-२ का अध्यक्ष मुक्तानको अध्यक्षतामा भएको थियो ।

# बकैयामा शैक्षिक सुधार गर्न अन्तरक्रिया

साझाकुरा संवाददाता

हेटौंडा, ६ माघ/ मकवानपुरको बकैया गाउँपालिकामा शैक्षिक गुणस्तर सुधारसम्बन्धी एक दिवसीय अन्तरक्रिया भएको छ । जिल्ला समन्वय समिति मकवानपुरको आयोजनामा शैक्षिक गुणस्तर सुधार सम्बन्धी अन्तरक्रिया भएको हो ।

बागमती गाउँपालिका र बकैया गाउँपालिकाभित्र रहेका माध्यमिक विद्यालयका प्रधानध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुको उपस्थितिमा कार्यक्रम भएको जिल्ला समन्वय समिति मकवानपुरका कर्मचारी भीमप्रसाद शर्माले जानकारी दिए । कार्यक्रममा शिक्षकको गुणस्तर कसरी सुधार गर्ने ? कसरी उपलब्धीमूलक बनाउने ? सुधारमा के के आवश्यकता पर्छ ? भन्ने विषयममा छलफल भएको बताइएको छ ।

कार्यक्रममा शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरका प्रमुख सुदीप गिरी र प्रगति माध्यमिक विद्यालयका प्राचार्य किशोर पराजुलीले २ वटा कार्यपत्र प्रस्तुत गरेका थिए । जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलानको प्रमुखआतिथ्य रहेको कार्यक्रममा जिल्ला समन्वय अधिकारी शान्ति विक, बकैया गाउँपालिका प्रमुख धर्मराज लामिछाने, बागमती गाउँपालिका प्रमुख सर्केश घलान, बालसञ्जालका सदस्य तथा अभिभावकको उपस्थिति रहेको थियो ।

# बागमती गाउँपालिकाको अर्धवार्षिक समीक्षा





साझाकुरा संवाददाता

हेटौंडा, ६ माघ/ मकवानपुरको बागमती गाउँपालिकाको अर्धवार्षिक प्रगति समीक्षा गोष्ठी सम्पन्न भएको छ । आइतबार बागमती गाउँपालिका गाउँकार्यपालिकाको आयोजनामा गाउँपालिका सभाहलमा समीक्षा भएको हो ।

गाउँपालिकाअन्तर्गतका सेवाप्रदायक शाखा र विभिन्न गैर सरकारी संस्थाले आ.व. २०८१/८२ मा गाउँपालिका भित्र सञ्चालन गर्दै आएको कार्यक्रमको समीक्षामा प्रगतिविवरण सार्वजनिक गरेका थिए । कार्यक्रममा शिक्षा तथा खेलकुद, कृषि तथा पशुपंछी, नापीशाखा, स्वास्थ्यशाखा, स्वरोजगारलगायत शाखाले प्रगति विवरण प्रस्तुत गरेका थिए ।

समीक्षा गोष्ठीमा बोल्दै गाउँपालिका अध्यक्ष सर्केश घलानले सेवाग्राहीलाई सहज र र सरल ढंगबाट सेवाप्रदान गर्न कर्मचारीलाई आग्रह गरे । कार्यक्रममा जिल्ला समन्वय समिति सदस्य खड्कबहादुर पुलामी, गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत ओमबहादुर दर्जीलगायतले बोलेका थिए । कार्यक्रममा पालिका उपाध्यक्ष फडिन्द्र तिम्सिना, वडाध्यक्ष, कार्यपालिका सदस्य, वडासदस्य लगायतको सहभागिता रहेको थियो ।

# बेतखोल्सी वन उपभोक्ता समूहमा पुन प्याकुरेल




साझाकुरा संवाददाता

हेटौंडा, ६ माघ/ हेटौंडा-९, मा रहेको बेतखोल्सी सामुदायिक वन उपभोक्ता समूहको २४ औं वार्षिक साधारणसभा शनिवार भएको छ ।

साधारणसभाको बन्दसत्रले पुन: वासुदेव प्याकुरेलको अध्यक्षतामा ११ सदस्यीय नयाँ कार्यसमिति सर्वसम्मत चयन गरेको छ । समितिको उपाध्यक्षमा विमला भारती, सचिवमा प्रमीला चौधरी, सहसचिवमा राजन बर्तौला र कोषाध्यक्षमा चिरञ्जीवीप्रसाद पौडेल चयन भएका छन् । सदस्यमा सानु कार्की खड्का, बेलीलामा, पुण्यवर्ती घिमिरे, विष्णुमणि अधिकारी, तुलसीप्रसाद सुवेदी र मनोहरि नेपाल चयन भएका छन् । लेखा समितिको संयोजकमा जयराम खतिवडा र सदस्यमा रामशरण रेग्मी र राधेश्याम खतिवडा चयन भएका छन् । कार्यसमितिको कार्यकाल ५ वर्षको हुनेछ ।

नयाँ कार्यसमितिको चयन गर्न अधिकृत दीपक अधिकारी संयोजक र सामुदायिक वन उपभोक्ता महासंघ केन्द्रीय सदस्य रामहरि चौलागाई र स्थानीय महासंघ हेटौंडाका अध्यक्ष शम्भुप्रसाद न्यौपाने सदस्य रहेको ३ सदस्यीय निर्वाचन समिति गठन गरेको थियो । साधारणसभामा समूहका अध्यक्ष प्याकुरेलले संस्थागत प्रतिवेदन र कोषाध्यक्ष चिरञ्जीवी पौडेलले चालू आव ०८१/८२ को लागि ६४ लाख ३९ हजारको अनुमानित आयव्यय विवरण पेस गरेका थिए ।

हेटौंडा उपमहानगरपालिका-९ का वडाध्यक्ष सुकराम केसीको प्रमुख आतिथ्य एवम् समूहका अध्यक्ष प्याकुरेलको सभाध्यक्षतामा साधारणसभा भएको हो । साधारणसभामा ज्येष्ठ उपभोक्ता गम्भीरबहादुर थापा, सुशिलादेवी अधिकारीलाई सम्मान गरिएको थियो भने समूहलाई रङ सहयोग गर्ने एसियन पेन्टसलाई समेत कदरपत्र प्रदान गरिएको थियो । साधारण सभामा उपभोक्ताले बाँदरबाट दु:ख पाएको बताउँदै नियन्त्रणको लागि बजेट विनियोजित गर्न माग गरेका थिए । उपभोक्ता नवराज अधिकारीले बाँदरले बालीनालीमा क्षति पुऱ्याउनुका साथै घरभित्र पसेर पाकेको भात समेत खाने गरेको गुनासो गरे ।

उपभोक्ता तुलसी सुवेदी र उत्तमप्रसाद खतिवडालगायतले बाँदरबाट आफूले पनि अनेकौं प्रकारको दु:ख पाएको बताउँदै नियन्त्रणको लागि सम्बन्धित निकायले ध्यान दिन आग्रह गरेका थिए । साधारणसभामा सामुदायिक वन उपभोक्ता महासंघका केन्द्रीय सदस्य रामहरि चौलागाई, डिभिजन वन कार्यालय, मकवानपुरका वनअधिकृत दीपक अधिकारी, सामुदायिक वन उपभोक्ता महासंघ, महासंघ हेटौडाका अध्यक्ष शम्भुप्रसाद न्यौपाने, सबडिभिजन वन कार्यालय, हेटौंडाका रेन्जर श्रीकृष्ण न्यौपाने, सञ्चारकर्मी भीमसेन पौडेल लगायतको उपस्थिति रहेको थियो । ३७.९५ हेक्टर क्षेत्रफलमा फैलिएका यो सामुदायिक वनमा २ सय ४८ घरधुरी आबद्ध छन् ।

# एक महिनासम्म खेलकुद महोत्सव गर्दै हेटौंडा-४ वडा कार्यालय



साझाकुरा संवाददाता

हेटौंडा, ६ माघ/ हेटौंडा उपमहानगरपालिका-४ वडा कार्यालयले दोस्रो वडा खेलकुद महोत्सव आयोजना गर्ने भएको छ ।

'राष्ट्रको लागि खेलकुद स्वास्थ्यको लागि खेलकुद' भन्ने नाराकासाथ आउँदो माघ ९ गतेदेखि फागुन १७ सम्म वडास्तरीय, नगर स्तरीय तथा जिल्लास्तरीय खेलकुद महोत्सवको आयोजना गर्न लागिएको वडाअध्यक्ष नवीन सिग्देलले जानकारी दिए ।

हेटौंडा-४ मा सञ्चालित सामूदायिक तथा संस्थागत विद्यालयबीच प्रतिष्पर्धा, शैक्षिक अध्ययन तथा गुणस्तर सुधार एवम् विद्यार्थीको सिर्जनशील प्रतिभा उजागर तथा शारीरिक तथा बौद्धिक विकास गर्ने उद्देश्यले एक महिने खेलकुद महोत्सव आयोजना गर्न लागिएको सिग्देलले बताए ।

करिब १ महिनासम्म हुने खेलकुद महोत्सव वडा-४ को आयोजना र शैक्षिक गुणस्तर सुधार समितिलगायत विभिन्न विद्यालयको व्यवस्थापनमा सञ्चालन हुने जानकारी दिइएको छ । करिब एक महिनासम्म सञ्चालन हुने महोत्सवमा वडामा रहेका सामुदायिक र संस्थागत विद्यालयमा विभिन्न खेलकुद आयोजना हुनेछन् । जसमा माघ ९ गते नवोदय माविमा हाजिरीजवाफ प्रतियोगिता, माघ १३ गते आधुनिक राष्ट्रिय माविमा वकतृत्वकला प्रतियोगिता, माघ १४ गते सत्यमजेभियर्स माविमा वादविवाद प्रतियोगिता, माघ १५ गते श्रमिक माविमा नेपाली हिज्जे प्रतियोगिता र स्लो स्कुटी प्रतियोगिता, माघ २४ गते ब्रम्हदिक माविमा कविता प्रतियोगिता हुनेछ ।

माघ २५ गते भुटनदेवी माविमा निबन्धलेखन प्रतियोगिता, फाल्गुन २ गते विभिन्न दौड प्रतियोगिता, फाल्गुन ३ गते आधुनिक माविमा नगरस्तरीय भलिबल प्रतियोगिता, सोही दिन श्रमिक माविमा नगरस्तरीय फुटबल प्रतियोगिता र नगरस्तरीय क्रीकेट प्रतियोगिता, फाल्गुन ५ गते सत्यममा टग अफ वार प्रतियोगिता, सोही दिन नवोदय स्कुलमा नगर स्तरीय बास्केटबल प्रतियोगिता, र फाल्गुन १६ र १७ गते नगरस्तरीय शिक्षक भलिबल प्रतियोगिता हुने भएको छ ।

# धरौटी बुझाउन नसकेर कैद हुनेलाई एकपछि अर्को सहुलियत

काठमाडौं, ६ माघ/ अदालतले तोकेको जमानत बुझाउन नसकी थुनामा रहेकाहरूले श्रृंखलाबद्ध रुपमा सहुलियत पाउन थालेका छन् । सर्वोच्च अदालतले जमानत बुझाउन नसकेर कैद बसेकाहरूलाई ६ महिनाभन्दा बढी थुनामा राख्न नहुने व्याख्या गरेको छ । गत साता सरकारले पनि अध्यादेशमार्फत् जमानत बुझाउन नसक्नेहरुको हकमा बिगो र जरिवानाको १५ प्रतिशत बुझाए हुने सहुलियत दिएको छ । यसअघिको कानुनी व्यवस्थामा पुरै बिगो र जरिवाना बुझाएपछि मात्रै मुद्दाको पुनरावेदन गर्न मिल्थ्यो ।

दुई फरक मुद्दामा सर्वोच्च अदालतले जमानत बुझाउन नसक्नेहरूलाई ६ महिनाभन्दा बढी थुन्न नहुने व्याख्या गरेको हो । सर्वोच्चको बृहत पूर्ण इजलासले भ्रष्टाचार वा अरु मुद्दामा जमानत राख्न नसकेकाहरूलाई असीमित समय थुनामा राख्न नहुने भन्दै रिहा गर्न आदेश दिएको हो । भ्रष्टाचार मुद्दाका आरोपित शिवराज उपाध्यायलाई विशेष अदालतले तीन महिना कैद र ७० लाख ५९ हजार रुपैयाँ जरिवाना गरेको थियो । उक्त रकम बुझाउन नसकेपछि उनी २२ पुस, २०८० मा कारागारमा गए अनि सर्वोच्च अदालतमा मुद्दाको पुनरावेदन दिए ।

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३७(६) मा धरौटी बुझाउन नसकी थुनामा रहेका व्यक्तिहरूको मुद्दा ६ महिनाभित्र फैसला हुन नसके उसलाई थुनाबाट छाडेर तारिखमा छाडी मुद्दाको कारबाही अघि बढाउनुपर्ने व्यवस्था छ ।

**वृहत्का दुई फैसला**

सर्वोच्च अदालतको वृहत् पूर्ण इजलास २० भदौ २०८१ जरिवाना बापतको धरौटी बुझाउन नसकेर कैदमा रहेकाहरूलाई ६ महिनाभन्दा बढी नथुन्नु भनी फैसला गरेको थियो । महेन्द्रप्रसाद मिश्र जरिवाना बुझाउन नसकेका कारण ६ महिनाभन्दा बढी समयदेखि थुनामा थिए । उनको मुद्दामा सर्वोच्च अदालतले ६ महिनाभित्र पनि मुद्दाको फैसला नभएमा 'थुनामा रहेकाहरूलाई तारिखमा राखी मुद्दाको प्रक्रिया अघि बढाउनु' भनी आदेश गरेको हो ।

त्यतिबेला पाँच जना न्यायाधीशको वृहत् पूर्ण इजलासले जारी गरेको आदेशमा भनिएको थियो, 'कैदमा बसी पुनरावेदन दर्ता गरेको ६ महिनाभित्र फैसला हुन नसकेको देखिँदा निजलाई कैदबाट मुक्त गरी तारिखमा राखी पुर्पक्ष गर्नू गराउनू ।' महेन्द्रप्रसाद मिश्रले पाएको सुविधा आफूले पनि पाउनुपर्ने भनी भ्रष्टाचार मुद्दामा दोषी ठहर भएका शिवराज उपाध्यायले सर्वोच्च अदालतमा निवेदन दिए । विशेष अदालतले गरेको ७० लाख ५९ हजार रुपैयाँ जरिवानाको जमानत रकम राख्न नसकेपछि उनी थुनामा परेका थिए ।

सर्वोच्च अदालतले बैंकिङ कसुरमा दोषी ठहर भएकाहरुले पाएको सुविधा भ्रष्टाचार मुद्दाका कसुरदारले पाउने कि नपाउने भनी अन्योल देखायो । किनभने भ्रष्टाचार मुद्दामा दोषी ठहर भएकाहरू कैद बसेर सजाय भुक्तान गर्नुपर्ने व्यवस्था छ । गम्भीर कानुनी व्याख्याको प्रश्न रहेको भन्दै त्यो मुद्दा पाँच सदस्यीय वृहत् पूर्ण इजलासमा पेश हुने भयो ।

सर्वोच्च अदालतको अर्को वृहत् पूर्ण इजलासले भ्रष्टाचार मुद्दामा थुनामा रहेर माथिल्लो अदालतमा पुनरावेदन गर्नेहरूले पनि त्यो सुविधा पाउने व्याख्या गरेको छ । २६ पुस, २०८१ मा भएको आदेशपछि भ्रष्टाचार मुद्दाका आरोपितहरू पनि थुनामा परेमा ६ महिनापछि त्यो सुविधा पाउने भएका छन् । 'मुद्दाको फैसला अन्तिम भइसकेपछि (मात्रै) भ्रष्टाचार मुद्दामा ठहरेको कैदको सजाय कैदमा नै बसी कार्यान्वयन गरिनुपर्छ भन्ने हो,' सर्वोच्च अदालतको वृहत् पूर्ण इजलासको व्याख्यामा भनिएको छ, 'एउटा कानुनको प्रयोगले अर्को कानूनी व्यवस्थालाई निष्क्रिय वा निष्प्रयोजन बनाउने गरी व्याख्या गर्न मिल्दैन ।'

धरौटा जमानत दिन नसकी कैदमा बस्नु परेका व्यक्तिहरूको पुनरावेदन निवेदन ६ महिनाभित्र फैसला गर्नुपर्ने जिम्मेवारी माथिल्लो तहको अदालतलाई सुम्पेको औल्याउँदै सर्वोच्च अदालतले भनेको छ, 'माग गरिएको धरौट वा जमानत दिन नसकी कैदमा बसी पुनरावेदन गरेकोमा ६ महिनापछि तारिखमा रही मुद्दाको पुर्पक्ष गर्ने अधिकारको सिर्जना हुन पुग्दछ ।'

**"अध्यादेशमा पनि व्यवस्था"**

पछिल्लो पटक सरकारले जारी गरेको अध्यादेशमा पनि धरौटी तथा जमानत सम्बन्धी सहुलियतयुक्त व्यवस्था समावेश छ । कुनै अदालतबाट कैद वा जरिवाना तोकिएको कसुरदारले माथिल्लो तहमा पुनरावेदन गर्नुपर्ने कैद बापत र जरिवानाको पुरै रकम जमानत राख्नुपर्थ्यो । अब भने त्यो व्यवस्था परिमार्जन भएर तल्लो तहमा राखेको धरौटीमा १५ प्रतिशत रकम थपे पुग्ने भएको छ । जमानत बुझाउन नसकेकाहरू कैद बस्नुपर्ने व्यवस्थालाई अध्यादेशको व्यवस्थाले सहुलियत दिएको छ ।

महान्यायाधिवक्ता कार्यालयका प्रवक्ता सूर्यराज दाहालले सर्वोच्च अदालतका दुई वृहत् पूर्ण इजलासको फैसला र अध्यादेशको विषयवस्तु फरक भए पनि दुवैबाट कारागारमा हुने कैदीबन्दीको चाप व्यवस्थापन गर्न सहज हुने बताए ।

(स्रोत: अनलाइनखबर)

# अर्थतन्त्रको ६ महिना : निर्यात ३१ प्रतिशत वृद्धि, राजस्व १२



काठमाडौं, ६ माघ/ सरकारले चालु आर्थिक वर्ष २०८१/८२ को पहिलो ६ महिनाको प्रमुख आर्थिक सूचक सार्वजनकि गरेको छ । अर्थ मन्त्रालयले आइतबार सार्वजनिक गरेको विवरण अनुसार चालु आव पहिलो ६ महिना (साउन-पुस) मा निर्यात ३१.८ प्रतिशतले वृद्धि भएको छ । गत आव सोही अवधिमा निर्यात ७.२ प्रशितले घटेको थियो ।

मन्त्रालयका अनुसार चालु आव पहिलो ६ महिनामा ९८ अर्ब ७९ करोड रुपैयाँ बराबर वस्तु निर्यात भएको छ । गत आव सोही अवधिमा भने ७४ अर्ब ९७ करोडको निर्यात भएको थियो । त्यसैगरी पहिलो ६ महिनामा ८ खर्ब २२ अर्ब ३७ करोड बराबरका वस्तु आयात भएको छ । यो ७.१ प्रतिशतले बढेको हो । गत आव पहिलो ६ महिनामा भने ७ खर्ब ६८ अर्ब १७ लाखको आयात भएको थियो ।

चालु आव पहिलो ६ महिनामा आयात-निर्यात अनुपात ८.३:१ रहेको छ । गत आव सोही अवधिमा १०.२:१ थियो । अर्थ मन्त्रालयका अनुसार चालु आव पहिलो ६ महिनामा राजस्व १२.७ प्रतिशतले वृद्धि भएको छ । गत आव सोही अवधिमा भने ८.२ प्रतिशतमात्र बढेको थियो ।

त्यसैगरी पहिलो ६ महिनामा सरकारको खर्च ७.८ प्रतिशतले बढेको छ । गत आव सोही अवधिमा १.७ प्रतिशतले घटेको थियो । वित्तीय संस्थामा निक्षेप संकलन २ खर्ब ११ अर्बले बढेको छ भने निक्षेप संकलन ३.३ प्रतिशतले सुधार भएको छ । कर्जा प्रवाह पनि ४.४१ प्रतिशतले बढेको छ ।

अर्थ मन्त्रालयका अनुसार चालु खर्चका लागि विनियोजित ७ खर्ब ३१ अर्ब ७९ करोडमध्ये पुस मसान्तसम्म २ खर्ब ६६ अर्ब ८५ करोड खर्च भएको छ । यो कुल व्ययको ३६.५ प्रतिशत हो । त्यस्तै कुल विनियोजित ३ खर्ब ५२ अर्ब ३५ करोड पूँजीगत खर्चमध्ये ६ महिनामा ५६ अर्ब ९४ करोड खर्च भएको छ । यो वार्षिक विनियोजनको तुलनामा १६.२ प्रतिशत खर्च हो ।

यसैगरी वित्तीय व्यवस्था तर्फ विनियोजित ३ खर्ब ६७ अर्ब २८ करोडमध्ये पुस मसान्तसम्म १ खर्ब ५८ अर्ब ६६ करोड खर्च भएको अर्थ मन्त्रालयले जनाएको छ । यो वार्षिक विनियोजनाको तुलनामा ४३.२ प्रतिशत खर्चहो । अर्थका अनुसार चालु आव पहिलो ६ महिनामा वित्तीय समानीकरण अनुदानतर्फ ६८ अर्ब २६ करोड, ससर्त अनुदान १ खर्ब १२ अर्ब २५ करोड, समपूरक अनुदान २ अर्ब ४३ करोड, विशेष अनुदान २ अर्ब ५१ करोड गरी कुल १ खर्ब ८५ अर्ब ४४ करोड हस्तान्तरण भएको छ । यो भनेको वार्षिक विनियोजनको तुलनामा ४५.४ प्रतिशत बराबर हस्तान्तरण हो ।

त्यस्तै राजस्व बाँडफाँटतर्फ ५१ अर्ब ७४ करोड हस्तान्तरण भएको छ । वार्षिक विनियोजन भने १ खर्ब ५९ अर्ब बराबर थियो । यो ३२.५ प्रतिशत हस्तान्तरण हो ।

# राज्यबाट सुरक्षा प्रत्याभूति हुन नसक्केको गुनासो

साझाकुरा संवाददाता

हेटौंडा, ६ माघ/ मकवानपुरका सञ्चारकर्मीले राज्यबाट सुरक्षाको प्रत्याभूति हुन नसकेको गुनासो गरेका छन् । राष्ट्रिय मानवअधिकार आयोगको आयोजनामा मानवअधिकारको क्षेत्रमा कार्यरत मानवअधिकार रक्षकका समस्या तथा चूनौती विषयक छलफलमा सहभागी सञ्चारकर्मीले निर्धक्क भएर समाचार सम्प्रेषण गर्ने वातावरण नरहेको गुनासो गरेका हुन् ।

समाचारका विषयमा राजनीतिक दलबाटै गलतकार्यको पक्षपोषण हुने, अनियमितता, भ्रष्टाचारका विषयमा उठान गर्दा मानसिक दबाब खेप्नुपर्ने अवस्था रहेको सञ्चारकर्मीले बताएका छन् । राज्यबाट सुरक्षाको प्रत्याभूति नहुँदा मानवअधिकार रक्षकको अग्रपङ्तिमा रहने पत्रकारले नै असुरक्षा महसुस गर्नुपरेको बताउँदै पत्रकारको पेशागत सुरक्षाप्रति सरकार गम्भिर बन्नुपर्ने आवश्यकता औंल्याइएको छ ।

पत्रकार महासंघ मकवानपुरका अध्यक्ष बालकृष्ण अधिकारीले समाचार लेखेकै कारण पत्रकार जेलसम्म जानुपर्ने अवस्था आउनु दु:खद रहेको बताए । सञ्चारिका समूह बागमती प्रदेश अध्यक्ष सरिता दाहालले सञ्चारगृहले अझै पनि महिला पत्रकारका क्षमतामा प्रश्न उठाउने गरेको बताइन् ।

राष्ट्रिय मानवअधिकार आयोग बागमती प्रदेशका कार्यालय प्रमुख पवनकुमार भट्ट, मानवअधिकार अधिकृत कृष्णप्रसाद मिश्र, केन्द्रीय प्रतिनिधि, मकवानपुरका क्रियाशील सञ्चारकर्मीलगायतको उपस्थिति रहेको थियो ।

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना